# मध्यमकालीनखर्च संरचना (२०७८/७९–२०८०/८१)

**(अन्तिमप्रतिबेदन)**

कालिगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी , लुम्बिनी प्रदेश ।

## परिच्छेद-१
## परिचय र उद्देश्य

१.१ पृष्ठभूमि :

गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम र बिभिन्न क्षेत्रगत रणनीतिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च ब्यवस्थापनको महत्वपुर्ण भूमिका हुन्छ।आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रमसंग जोड्ने वित्तीय अनुशासनको औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीयसुशासन कायम गरी सार्वजनिक श्रोत ब्यवस्थापनलाई प्रभावकारी बनाउँन सहयोग गर्दछ।नेपालमा आ.व.२०५९/६० वाट उपयोगमा ल्याइएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य सरकारले गर्ने सबै खर्च प्राथमिकताका आधारमा बाडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो।स्थानीय तहमा पनि यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न श्रोत-साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीयअनुशासन जस्ता पक्षमा सुधार ल्याउँन महत्वपूर्ण भूमिका निर्बाह गर्दछ।

१.२ अबधारणा र उद्देश्य

१.२.१ अबधारणा

सार्वजनिक बित्त ब्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले गाउँपालिकासंग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ।यस अन्तर्गत संघ तथा प्रदेशबाट गाउँपालिकालाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगतवित्तीय खाका निर्धारण गरिन्छ।यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत कार्यालय/शाखा र गाउँपालिका को अन्य निकायहरूसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत महाशाखा/कार्यालय/शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागतविनियोजन अनुमान गर्दछन्।योखाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमानपरिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।

१.२.२. उद्देश्यहरु;

गाउँपालिकाले तर्जुमा गर्ने मध्यमकालीन खर्च संरचनाको मूख्य उद्धेश्य देहाय बमोजिम रहेका छन्;

१) आवधिक योजना र बार्षिक बिकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी श्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,


२) आयोजनाहरुको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई श्रोतको सुनिश्चितता गर्न,

३) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्तगर्नका लागि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जूमा गर्नु,

४) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।
५) बजेट अनुमानलाई बढी वास्तविक बनाउनु,

१.२.३ आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्वन्ध;
आवधिक योजनाअनुरुप मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र मध्यमकालीन खर्च संरचना अनुरुप बार्षिक विकास कार्यक्रम तर्जुमा गरी आवधिक योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न सकिने हुन्छ। यी बीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ।

आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्वन्ध




१.३ कानुनी ब्यवस्था:
सार्बजनिक खर्च ब्यबस्थापनको सन्दर्भमासंविधानले ब्यबस्था गरेको प्राबधानहरु एबं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वाताबरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित बिभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना, आवधिक योजना र बिषयगत रणनीतिक

योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आबश्यक छ । सोहि मुताबिक यो मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमाउल्लिखित पक्षलाई आधार लिएको छ;

- नेपालको संबिधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७८
- गाउँपालिकाको आवधिक योजना र बिषयक्षेत्रगत नीति ।

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया:

कालिगण्डकी गाउँपालिकाले आफ्नो प्रथम मध्यमकालीन खर्च संरचना (आ.ब.०७८/७९-०८०/८१) देहायको तालिका न.१ बमोजिमको प्रक्रिया बमोजिम तर्जुमा गरेको छ भने आगामी आर्थिक बर्ष देखि तर्जुमा हुने मध्यमकालीन खर्च संरचनाको हकमा गाउँपालिकाले स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८मा भएको व्यवस्था अनुरुपको प्रक्रिया र समयसीमा अनुसरण गर्नेछ।

तालिका न.१

| **क्रियाकलाप** | **जिम्मेवारी** |
|---|---|
| कार्यपालिकाका सदस्यहरु र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण गर्ने | कार्यदल |
| चालु आवधिक योजना तथा अन्य क्षेत्रगत योजना रवार्षिक विकास कार्यक्रमको समिक्षा गर्ने | कार्यपालिका |
| त्रीवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र श्रोतको आंकलन | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति |
| मध्यमकालीन खर्च संरचनाको श्रोतअनुमान, बजेट सीमा र मार्गदर्शन तयार गरी कार्यपालिका बैठकमा पेस गर्ने | |
| मध्यमकालीन खर्च संरचनाको श्रोतअनुमान, बजेट सीमा र मार्गदर्शन स्वीकृति | कार्यपालिका |
| क्षेत्रगत बजेट सीमा र मार्गदर्शन विषयगत समिति वडा कार्यालय र विषयगत शाखामा पठाउने | प्रमुख प्रशासकीय अधिकृत |
| विषयक्षेत्रगत रुपमा छलफल र प्राथमिकीकरण:<br>- आयोजना अन्तिम प्राथमिकताक्रम सहितको सुची तयार गर्ने (आयोजनाहरू गाभ्ने, हटाउने र आयोजनाको पुन प्राथमिकीकरण गर्ने) | विषयगत समिति |
| मध्यमकालीन खर्च संरचना, कार्यक्रम र बजेट प्रस्ताव गर्ने<br>- नयाँ आयोजना (श्रोतको अवस्था हेरी) छलफल गर्ने, पहिचान भएका आयोजनाको आवश्यकता, तयारी अबस्था र औचित्य हेरी बजेट छलफल गर्ने<br>- मध्यमकालीन प्रक्षेपण (बजेट स्रोत तथा खर्चको प्रक्षेपण) सहितको खाका तयार गर्ने<br>- आयोजनाको विवरण तयारी गर्ने<br>- नतिजा खाका तयारी गर्ने | कार्यदल |
| मध्यमकालीन खर्च संरचनाको एकिकृत मस्यौदा तयारी, छलफल गरी कार्यपालिकामा पेश गर्ने | कार्यक्रम तथा बजेट तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना अनुमोदन गर्ने | गाउँसभा |

क) त्रिवर्षीय प्रक्षेपण सहित कुल बजेट र श्रोतको आकार तयारी गर्ने: गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको संसोधित अनुमान तथासङ्घ र प्रदेश सरकारबाट प्राप्त स्रोत एबं आन्तरिक आय प्रक्षेपणकोआधारमा आगामी ३ वर्षको बजेट तथा कार्यक्रम बारेमा वडा कार्यालय, सम्बन्धित बिषयगत कार्यालय, योजना तथा प्राविधिक महाशाखा र गाउँपालिकाको कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेटको आकार तयारगरिएको छ । यो कार्य गर्दा सम्बन्धित निकायहरूको संलग्नतामा योजना तथा प्राविधिक महाशाखाले समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गरेको छ भने स्रोत समितिले गाउँपालिका को अर्थतन्त्रको वर्तमान स्थिति, सङ्घ र प्रदेश सरकारवाट बिभिन्न शिर्षकमा प्राप्त हुने बजेट स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा रोयल्टी बापत प्राप्त हुने रकम, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षकोकुल बजेटको आकार तयार गरिएको छ।यस सम्बन्धि विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ ।

ख) बजेट सीमा निर्धारण तथा बाँडफाँट : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी ३ वर्षको स्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा विषयगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गरिन्छ।माथि उल्लेख भएअनुसार तयार भएको निकायगत/विषयगत बजेट सीमा र मार्गदर्शन कार्यदलमा पेश भै आबश्यक छलफल तथा परिमार्जन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नुपर्दछ। कार्यपालिकावाट स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई वडा कार्यालयसँगको प्रतक्ष्य सम्पर्क र सहयोग समेतको आधारमा बिषय उपक्षेत्रगत र क्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्न सम्बन्धित शाखामा प्रेषित गरिएको गर्नु पर्दछ।

ग) बिषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारीः
गाउँकार्यपालिकावाट स्वीकृत गरी पठाएको बजेटसीमा र मार्गदर्शनभित्र रही सम्बन्धित बिषयगत शाखाले आफ्नो बिषय क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा आयोजनामध्ये वडा कार्यालयसँगको समेत समन्वयमा आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमहरूकोत्रिबर्षीय खर्च प्रक्षेपण सहितको बिषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना विवरण तयार गरियो र यसरी उपक्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको विवरणलाई कार्यदलले सम्बन्धित शाखा प्रमुखसँगको सहकार्यमा बिषयक्षेत्रगत रुपमा एकिकृत गरी बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गरी गाउँपालिकाकोनीति तथा कार्यक्रम, स्थानीय प्राथमिकता र बिषयक्षेत्रगत नीति तथा गुरुयोजना अनुरुप आबश्यक छलफल एबम् परिमार्जनको लागि सम्बन्धित विषयगत समितिमा पेशगरिन्छ।बिषयक्षेत्रगत रुपमा प्रस्तावित मध्यमकालीन खर्च संरचनामा प्रस्तावित आयोजना/कार्यक्रम तथा उपक्षेत्रको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, जलवायु संकेत, लैंगिक संकेत र दिगोविकास लक्ष्यका आधारमा सांकेतीकरण समेत गर्नु पर्दछ।

घ) विषयगत समितिमा छलफल तथा परिमार्जनः बिभिन्न बिषयगत शाखाबाट प्रस्तावित भई कार्यदलले तयार गरेको आयोजना/कार्यक्रमहरूको त्रिबर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट माथी सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्ने।यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान र नीतिहरू र सम्बन्धित स्थानीय तहको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच,राष्ट्रिय आवधिक योजना, प्रादेशिक आबाधिक योजना, गाउँपालिकाकोआवधिक योजना, नीति तथा कार्यक्रम, आवश्यकता, समस्या र सम्भावना, क्रमागत आयोजना/कार्यक्रम, दिगो विकास लक्ष्य स्थानीयकरणका सवाल समेतको आधारमा छलफल गरी आयोजना/कार्यक्रम तथा उपक्षेत्रको प्राथमिकीकरण एवम् बजेट बाँडफाँट गर्नु पर्दछ।

ङ) एकिकृत मस्यौदा तयारः विषयगत समितिमा दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजना तथा उपक्षेत्रगत त्रिवर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यदलको सहयोगमा आबश्यक छलफल तथा परिमार्जन सहित मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी गरिन्छ।सो क्रममा बजेट तथा कार्यक्रम तर्जुमा समितिले खर्चको माग र उपलब्ध स्रोत वीच सामन्जस्यता कायम हुनेगरी विश्लेषण गरी बिषय क्षेत्रगत माग र स्रोतको विवरण तयार गर्नु पर्दछ।

च) कार्यपालिकामा पेश तथा स्वीकृतिःबजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको मध्यमकालीनखर्च संरचनाको एकिकृत मस्यौदा स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने। पेश भएको एकिकृत मस्यौदा उपर गाउँकार्यपालिकामा छलफल भई आबश्यकता अनुसार परिमार्जन सहित स्वीकृत गर्ने।

# परिच्छेद २ः
# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमी

सार्वजनिक बित्त ब्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले सरकारसंग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गत संघ तथा प्रदेशबाट गाउँपालिकालाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगतवित्तीय खाका निर्धारण गरिन्छ।यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगतशाखा र गाउँपालिकाको अन्य निकायहरूसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागतविनियोजन अनुमान गर्दछन्।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ।यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमानपरिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ।यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाकोबजेट बिनियोजन तथा कार्यान्वयन कुशलतामार्फतगाउँपालिकाकोसमग्र दिगो विकास तर्फ मार्गदर्शन गर्दछ ।

नेपालमा विकास योजनाहरुवाट अपेक्षित उपलब्धि हासिल हुन नसक्नुको एक प्रमुख कारण उपलब्ध स्रोत साधनको सन्तुलित एवम् वस्तुपरक र प्राथमिकताका आधारमा बिनियोजन हुन नसक्नु हो ।जसले गर्दा न्यून पुँजीगत खर्च, आर्थिक बर्षको अन्त्यमा गएर खर्च हुने, आर्थिक अनुशासन कायम हुन नसक्दालगानी र सम्पन्न आयोजना/कार्यक्रमले दिगो एवम् समाबेशी प्रतिफल दिन नसक्दा हाम्रा समस्या समाधान हुन् सकेको छैनन् । यसको प्रतक्ष्य असर सार्बजनिक बित्त क्षेत्रको अतिरिक्त समग्र अर्थतन्त्र र आर्थिक-सामाजिक विकासमा पर्न गएको छ । नेपालको संविधानले परिकल्पना गरे बमोजिमको आर्थिक सामाजिक एबं भौतिक विकास प्राप्त गर्न नेपाल सरकारको दीर्घकालीन सोंच सहितको पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्यका स्थानीय सवाल, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना, रगाउँपालिकाकोहालसम्मको नीति तथा कार्यक्रम र मध्यम अबधिमा हासिल गर्ने उपलब्धिको घोषणा तथा प्राथमिकतावीच तादात्म्यता कायम हुनेगरी आगामी ३ बर्षको प्रथम मध्यमकालीन खर्च संरचना(२०७८/७९-०८०/८१) तर्जुमा गरिएको छ ।

## २.२सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको हालसम्मको बार्षिक बजेट तथा कार्यक्रम र नीतिलाई प्रमुख आधारको रुपमा लिइएको छ ।गाउँ विकासको बार्षिक नीति तथा कार्यक्रममा उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस चक्रीय योजनाको समष्टिगत सोच, लक्ष्य उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ ।गाउँ स्थिति पत्र (प्रोफाइल), तथाचालु आर्थिक बर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं राष्ट्रिय, प्रदेश र गाउँपालिकाको विषयगत नीतिलाई समावेश गरिएको छ।सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

## २.२.१गाउँ विकासको दीर्घकालीन सोच

“कृषि, पूर्वाधार र सुन्दर नगरीः समावेशी, स्वच्छ र समृद्ध कालिगण्डकी ”

## २.२.२गाउँ विकासको लक्ष्य

- “व्यवसायिक, सुन्दर, सुसंस्कृत, सुशासनयुक्त र समृद्ध कालिगण्डकी को आधार तयार गर्ने”

## २.२.३गाउँ विकासको उद्देश्य

गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक बिकासको लागि लगानी बृद्धिगरीउपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिईएको छः

१. कृषि तथा ब्यबसायिक क्षेत्रको उत्पादन, रोजगारी र आयमा समाबेशी, गुणात्मक र दिगो वृद्धि गर्नु,

२. स्वस्थ,सृजनशील र सीपयुक्त मानव पुँजीको निर्माण गर्नु,

३. आधारभूत भौतिक पूर्वाधारको बिकास सहित अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने

४. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र विपद् उत्थानशिलता प्रवद्र्धन गर्ने

५. कोभिड–१९ प्रभावित सम्पूर्ण क्षेत्रको पुनरोत्थान गर्नु,

५. गाउँपालिकाको सुशासन, सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्थितिमा गुणात्मक वृद्धि गर्नु

## २.२.४गाउँ विकासको रणनीति

गाउँ विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका आठ प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछः

१. कृषि उद्यम तथा ब्यबसायिक क्षेत्र प्रवद्र्धधन गर्न सकिने तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी लगानी, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने,

२ पर्यटकीय क्षेत्रको पहिचान र बिकास मार्फत भ्रमण तथा पर्या पर्यटन प्रवद्र्धन गर्ने,

३ कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने,

४ गुणस्तरीय शिक्षा, आधुनिक प्रबिधि सहितकोस्तरीय स्वास्थ्य सेवा, सुदृधढ सरसफाई तथा खानेपानी सुविधा, सहज सामाजिक सुरक्षा पहुँच र उपभोग सुनिश्चित गर्ने,

५ अत्यावश्यक भौतिक पुर्वाधारको गुणस्तरीयविस्तार र स्तरोन्नति गर्ने,

६ विकास योजना चक्र तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,

७ सार्बजनिक,सहकारी, निजी क्षेत्र,समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने र

८ सुशासन प्रबर्धन, सेवा प्रवाह, आयोजना व्यवस्थापन, संस्थागत क्षमता विकास तथा आन्तरिक राजश्व सुदृढ गर्ने ।

## २.३समष्टिगत आर्थिक खाका

कालिगण्डकी गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच, गाउँ विकासको लक्ष्य तथा उद्देश्य अनुरुप गाउँ क्षेत्रभित्र उत्पादन, रोजगारी, आय र लगानी लगायत सूचकहरुमा विगत आर्थिक वर्षको अवस्था, उपलब्धी, चालु आर्थिक वर्षको समीक्षाका आधारमा मध्यमअवधिको समष्टिगत आर्थिक खाका तयार गरिएको छ । खाका तयार गर्ने सिलसिलामा बार्षिकयोजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको छ । यस गाउँपालिका समष्टिगत आर्थिक खाका देहायअनुसार रहेको छः

तालिका २.१ प्रमुख समष्टिगत आर्थिक खाका (**आवधिक योजना तर्जुमानभएकोले तथ्यांक प्राप्त हुन सकेन आवधिक योजना तर्जुमा पश्चात सोको आधारमा प्रत्येक बर्ष मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा त्रिबर्षीय लक्ष्य निर्धारण गर्नु पर्दछ)**

| सि. नं. | सूचक | एकाई | गत आ.व. को उपलवधी | चालु आव. को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य (गाउँपालिका) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| १ | बार्षिक उत्पादन | रु.लाख मा | | | | | |
| १.१ | कृषि क्षेत्र | रु.लाख मा | | | | | |
| १.२ | गैरकृषि क्षेत्र | | | | | | |
| २ | औषत पारिवारिक आय | रु.लाख मा | | | | | |
| ३ | उद्योग,व्यापार र व्यावसाय | संख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमारोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## २.४प्रमुख नतिजा सूचक तथा समस्टिगत मध्यमकालीन नतिजा खाका

"समृद्धनेपालरसखीनेपाली"कोराष्ट्रियसोचतथासंकल्पपरलुम्बिनीप्रदेशकोप्रथमआवधिक योजना तथा गाउँ विकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

तालिका २.२ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

**कालिगण्डकी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना** (२०७८÷०७९–२०८०÷०८१)

| क.स. | सूचक/लक्ष्य | एकाई | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष ०७७/७८ | आ.ब २०७८/०७९ | आ.ब २०७९/०८० | आ.ब २०८०/०८१ |
| 1 | कृषिक्षेत्रमा रोजगारी | संख्या | ७९४२ | ८००० | ८३०० | ८७०० |
| 2 | खाद्यान्न बाली उत्पादन | मुरी | ३०६९३ | ३१००० | ३१९०० | ३२५०० |
| 3 | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | ४८४ | ५०० | ६५० | ८०० |
| 4 | पर्यटनआगमन (हजारमा) | संख्या | २ | २.३ | ३ | ३.५ |
| 5 | पर्यटन तथा सेवा क्षेत्रमा रोजगारी | संख्या | १६० | १८५ | २१० | २४० |
| ६ | आधारभूत खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ६५ | ७२ | ७७ | ८२ |
| ७ | खेतीयोग्य जमिनको बर्षभरी सिंचित क्षेत्रफल | हेक्टर (हजारमा) | ३५ | ४० | ४५ | ५० |
| ८ | जम्मा सडक निर्माण लम्बाई | कि.मी. | १62 | १७५ | १८० | १९० |
| ९ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ३८ | ४२ | ५५ | ६० |
| 1० | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | 38 | 5५ | 70 | ८५ |
| 1१ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३८ | ४५ | ५३ | ६० |
| 1२ | विद्यालय वचैमा छोड्ने दर | प्रतिशत | ८ | ६ | ५ | ४ |
| 1३ | विद्यालय वाहिर रहेका (४ –१२ वर्ष) बालबालिका | संख्या | ७५ | ६५ | ५० | ३५ |
| 1४ | प्रारम्भिक बालकक्षामा अध्ययनरत ४–५ बर्षका बालबालिका | जना | ५११ | 600 | 650 | ७०० |
| 1५ | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ |
| 1६ | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९० | 92 | 9३ | 94 |
| १७ | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित घरपरिवार | संख्या | ३४४१ | ३५00 | ३५20 | ३६०० |

*नोटः आवधिक योजना तर्जुमानभएकोलेगाउँ पार्श्वचित्र तथा पालिकाको बार्षिक नीति तथा कार्यक्रमको आधारमा तयार गरिएको*

## २.५समष्टिगत मध्यमकालीन बजेट खाका

गाउँपालिकाको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ;

१. आर्थिक बर्ष २०७६/७७ र २०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रमको विवरण र खर्च को आधारमा आर्थिक बर्ष ०७८/७९ को खर्च तथा आयको प्रक्षेपण गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रम, लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ।

२. यसै गरी ३ आर्थिक बर्षको स्रोत अनुमानको सन्दर्भमा सङ्घ सरकारबाट प्राप्त ३ आर्थिक बर्षको बिभिन्न अनुदान शिर्षकमा प्राप्त हुने बजेट सिलिंग,, सङ्घ र प्रदेशको राजस्व बाँडबाँटवाट प्राप्त हुने रकम, प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, आन्तरिक आय र उपलब्ध हुने अन्यस्रोत को अनुमान तथा प्रक्षेपण गरिएको छ भने सोहि आधारमा आयोजना/कार्यक्रम तथा प्रशासनिक खर्चको लागि आबश्यकचालुएबं पुँजीगत खर्च अनुमान गरिएको छ ।

३. रोयल्टी (वन, खानी तथा खनिज, जलश्रोत तथा अन्य प्राकृतिक स्रोत) बाट प्राप्त हुने राजस्व अनुमान गरी गणना गरिने भएतापनिकालिगण्डकी गाउँपालिकामा हालसम्म बिधुतरोयल्टी बापत मात्रप्रति बर्ष करिब रु. २ करोड बराबरको रकम प्राप्त हुने अनुमान गरिएको छ।

४. उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ५३ करोड ७४ लाख ७७ हजार ( सशर्त अनुदान समेत गरी) रहने प्रक्षेपण गरिएको छ । यस मध्ये चालु खर्च रु. १अर्ब ६करोड७६ लाख ११ हजार (सशर्तअनुदानको चालु खर्च समेत) र पुँजीगत खर्च रु. ४६ करोड९८ लाख ६५ हजार रहने प्रक्षेपण गरिएको छ । यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना अबधिको आय र व्ययको अनुमान तथा प्रक्षेपण सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ।

तालिका २.३ त्रिबर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रु हजारमा) **स्रोत: आर्थिक प्रशासन शाखा/आर्थिक बर्ष ०७७/७८ र ०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिका**

| क्र.स. | विवरण | आ.व. ७६/७७ को यथार्थ | आ.व. ०७७/७८ को संशोधितअनुमान | मध्यमकालीनवजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | तीनवर्षको कूल |
| १ | **खर्चअनुमान** | | | | | | |
| | चालुखर्च | ३०६२४० | ३२१८१५ | ३३००१९ | ३६०७५८ | ३७६८३४ | १०६७६११ |
| | पुँजीगत खर्च | ९९८२९ | १३७९६३ | १४१५०० | १५१७२१ | १७६६४४ | ४६९८६५ |
| | वित्तीय व्यवस्था | 0 | ० | 0 | 0 | ० | ० |
| | कुल | ४०६०६९ | ४५९७७८ | ४७१५१९ | ५१२४७९ | ५५३४७८ | १५३७४७६ |
| २ | **आयअनुमान** | | | | | | |
| २.१ | आन्तरिकआय | ३९५० | १४६१४ | १६०७५ | १८००४ | १९४४५ | ५३५२५ |
| २.२ | **राजस्वबाँडफाँटबाट प्राप्त रकम** | | | | | | |
| | क.नेपाल सरकार | ४०२०० | ६६८९४ | ६५४९१ | ७३३५० | ७९२१८ | २१८०५९ |
| | ख. प्रदेश सरकार | ४५७२ | ४७७४ | ७०७२ | ७९२१ | ८५५४ | २३५४७ |
| २.३ | रोयल्टीबाँडफाँट | ० | ० | ० | 0 | 0 | ० |
| | क. वन रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ख. खानी रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ग. विद्युत रोयल्टी | २०११५ | २०१३९ | २०००० | २२४०० | २४१९२ | ६६५९२ |

## कालिगण्डकी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना (२०७८÷०७९–२०८०÷०८१)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ. अन्य रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| २.४ | **नेपालसरकार वित्तीय हस्तान्तरण** | २८८७१७ | ३१०४७७ | ३२८१८१ | ३५४४३५ | ३८२७९० | १०६५४०७ |
| | समानिकरणअनुदान | ८१६०० | ८३२०० | ९०००० | ९७२०० | १०४९७६ | २९२१७६ |
| | शसर्तअनुदान | १८५८१७ | २१७२७७ | २२५६०० | २४३६४८ | २६३१४० | ७३२३८८ |
| | विषेशअनुदान | ८००० | १०००० | ८३०० | ८९६४ | ९६८१ | २६९४५ |
| | समपुरकअनुदान | १३३०० | ० | ४२८१ | ४६२३ | ४९९३ | १३८९८ |
| २.५ | **प्रदेशसरकार वित्तीय हस्तान्तरण** | ३७१८५ | ४२८८१ | ३४७०० | ३६३६९ | ३९२७९ | ११०३४८ |
| | क.समानीकरणअनुदान | ४१२५ | ५०३१ | ४१८२ | ४५१७ | ४८७८ | १३५७६ |
| | ख.सशर्तअनुदान | ९००० | १६८५० | ८५४४ | ९२२८ | ९९६६ | २७७३७ |
| | ग.समपूरकअनुदान | १२५०० | ६००० | ६००० | ६४८० | ६९९८ | १९४७८ |
| | घ.विशेष अनुदान | ११५६० | १५००० | १४९४९ | १६१४५ | १७४३७ | ४८५३० |
| २.६ | आन्तरिकऋण | 0 | 0 | 0 | 0 | 0 | ० |
| २.७ | अन्यअनुदान | 0 | ० | 0 | 0 | 0 | ० |
| २.८ | जनसहभागिता | | | | | | |
| २.९ | अन्तरस्थानीय तह साझेदारी | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३ | मौज्दातरकम | ११३०० | | ० | 0 | ० | ० |
| | कुल | ४०६०३९ | ४५९७७९ | ४७१५१९ | ५१२४७९ | ५५३४७८ | १५३७४७७ |
| | बचत (–) न्यून (+) | | | | | | |

## २.६वजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

विभिन्न आधारमा गरिएकोमध्यमकालीन अबधिको (आ.ब.०७८/७९-०८०/०८१ ) बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपणको लागि कालिगण्डकी गाउँपालिकाको आवधिक योजना तर्जुमा नभएकोले तयार गर्न सकिएन।तरआवधिक योजना तर्जुमा पश्चात तयार गर्नको लागि देहाय बमोजिम तालिका २.४ मा ढाँचा प्रस्तुत गरिएको छ । ढाँचामा समाबेश गरिएका रणनीतिक स्तम्भ उदाहरणका लागि मध्यमकालीन खर्च संरचनाका रणनीति हुन् ।

***तालिका २.४रणनीतिक स्तम्भको आधारमा आगामी तीन बर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)***

***गाउँपालिकाको आवधिक योजना तर्जुमा नभएकोले रणनीतिक स्तम्भको आधारमा बजेट बिनियोजन गर्न सकिएन । यधपी ढांचा निम्नानुसार रहेको छ ।***

| सि. नं | रणनीतिक स्तम्भ | संख्या | २०७८/०७९ को अनुमान | | २०७९/०८० को प्रस्तावित | | २०८०/०८१ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| 1 | लगानी, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने | | | | | | | |
| 2 | पर्यटन | | | | | | | |
| 3 | कृषि, पशुपंक्षी तथा अन्य उत्पादन क्षेत्रको व्यवसायीकरण, विविधीकरण रऔद्योगिकरण गर्ने | | | | | | | |
| 4 | शिक्षा, स्तरीय स्वास्थ्य सेवा,सरसफाई तथा खानेपानी सामाजिक सुरक्षा सम्बन्धि स्तम्भ | | | | | | | |
| 5 | भौतिक पूर्वाधार सम्बन्धि | | | | | | | |
| 6 | वातावरणमैत्री, उत्थानशील र दिगो विकाससम्बन्धि स्तम्भ | | | | | | | |
| 7 | अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी अभिवृद्धि गर्ने | | | | | | | |
| 8 | सेवा प्रवाह, सुशासन तथा आन्तरिक राजश्व सुदृढ गर्ने | | | | | | | |
| | जम्मा | | | | | | | |

### ख. प्राथमिकताको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकता क्रम | आयोजना÷ कार्यक्रम संख्या | २०७८÷७९ को व्यय अनुमान | | २०७९÷८० को खर्च प्रक्षेपण | | २०८०÷८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकतापहिलो (P1) | | २५१२१९ | ५३ | २७८३८१ | ५४ | ३०३१९५ | ५५ |
| प्राथमिकतापहिलो (P2) | | २२०३०० | ४७ | २३४०९८ | ४६ | २५०२८३ | ४५ |
| जम्मा | | ४७१५१९ | १०० | ५१२४७९ | १०० | ५५३४७८ | १०० |

नोटः ***गाउँपालिकाको आवधिक योजना तर्जुमा नभएकोले प्राथमिकताको आधारमा बजेट बिनियोजन आर्थिक बर्ष २०७७/७८ र ०७८/७९ को बजेट तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार गरिएको छ*** ।

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेतनं. | दीगो विकासका लक्ष्यहरु | आयोजना÷ कार्यक्रम | २०७८÷७९ को व्यय अनुमान | | ०७९/८०को खर्च प्रक्षेपण | | २०८०÷८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीकोअन्त्य | | २०,७१० | ४.३९ | २४,०२५ | ४.६९ | २८,०३० | ५.०६ |
| २ | शुन्यभोकमरी | | ३६,७०४ | ७.७८ | ३०,७२४ | ६. | ३३,७०४ | ६.१ |
| ३ | स्वस्थ्यजीवन | | २७,२९५ | ५.७९ | ३१,००० | ६.०५ | ३४,००० | ६.१४ |
| ४ | गुणस्तरीयशिक्षा | | १५३,९८६ | ३२.६६ | १६५,०८६ | ३२.२१ | १७६,४४० | ३१.८८ |
| ५ | लैंगिकसमानता | | १५,६४९ | ३.३२ | १६,३५९ | ३.१९ | १६,७०० | ३.०२ |
| ६ | सफापानी र स्वच्छता | | १५,७०५ | ३.३३ | १८,१०० | ३.५ | १९,५०० | ३.५२ |
| ७ | आधुनिकउर्जामा पहुँच | | ५,९४९ | १.२६ | ४,५०० | ०.८८ | ७,५०० | १.३६ |
| ८ | समावेशीआर्थिक बृद्धि र मर्यादित काम | | ११,१७५ | २.३७ | १५,४०० | ३. | १७,७०० | ३.२ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | | १०,४९८ | २.२३ | १०,२९८ | २.०१ | ११,४९८ | २.०८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | असमानतान्यूनीकरण | | ६,३४० | १.३४ | ७,१५५ | १.४ | ८,०६० | १.४६ |
| ११ | दीगोशहर र समुदाय | | ८८,५९२ | १८.७९ | ९७,५०२ | १९.०३ | १०६,५०० | १९.२४ |
| १२ | दीगोउपभोग र उत्पादन | | ११,८६० | २.५२ | १५,००० | २.९३ | १६,७५८ | ३.०३ |
| १३ | जलबायुपरिवर्तन अनुकुलन | | ४,५०० | ०.९५ | ५,७०० | १.११ | ६,३०० | १.१४ |
| १४ | पानीमुनीको जीवन | | ० | ०. | ० | ०. | ० | ०. |
| १५ | जमीनमाथिको जीवन | | १६० | ०.०३ | २०० | ०.०४ | २५० | ०.०५ |
| १६ | शान्तितथा न्यायपूर्ण र सशक्त समाज | | ५६,३२२ | ११.९४ | ६५,३०० | १२.७४ | ६७,५१३ | १२.२ |
| १७ | दीगोविकासका लागि साझेदारी | | ६,०७४ | १.२९ | ६,१३० | १.२ | ३,०२५ | ०.५ |
| | जम्मा | | ४७१५१९ | १०० | ५१२४७९ | १०० | ५५३४७८ | १०० |

***नोट: दिगो विकास लक्ष्यको आधारमा बजेट बिनियोजन तथा प्रक्षेपण आर्थिक बर्ष २०७७/७८ र ०७८/७९ को बजेट तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार गरिएको छ ।***

**घ. लैंगिक संकेतको आधारमा बाँडफाँट:**

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ ।

तालिका २.७ लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**(रु. हजारमा)**

**कालिगण्डकी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना** (२०७८÷०७९–२०८०÷०८१)

| लैंगिक संकेत | आयोजना÷ कार्यक्रम संख्या | २०७८÷७९ को व्यय अनुमान | | २०७९÷८० को खर्च प्रक्षेपण | | २०८०÷८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | | २६०६७ | ५.५३ | ३४४७९ | ६.७३ | ४९५४६ | ८.९५ |
| सहयोगी | | ५९३९९ | १२.६ | ६६५०० | १२.९८ | ७७५५० | १४.०१ |
| तटस्थ | | ३८६०५३ | ८१.८७ | ४११५०० | ८०.३ | ४२६३८२ | ७७.०४ |
| जम्मा | | ४७१५१९ | १०० | ५१२४७९ | १०० | ५५३४७८ | १०० |

***नोटः लैंगिक संकेतआधारमा बजेट बिनियोजन आर्थिक बर्ष २०७७/७८ र ०७८/७९ को बजेट तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार गरिएको छ ।***

**ङ. जलवायु संकेतको आधारमा बाँडफाँट**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ ।

तालिका २.८ जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**(रु. हजारमा)**

| लैंगिक संकेत | आयोजना÷ कार्यक्रम संख्या | २०७८÷७९ को व्यय अनुमान | | २०७९÷८० को खर्च प्रक्षेपण | | २०८०÷८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अतिसान्दर्भिक | | ३१,५०५ | ६.६८ | ५५००० | १०.७३ | ७८०५५ | १४.१ |
| सान्दर्भिक | | ७०,१५१ | १४.८८ | १०१५०० | १९.८१ | १२९५२५ | २३.४ |
| तटस्थ | | ३६९,८६३ | ७८.४४ | ३५५९७९ | ६९.४६ | ३४५८९८ | ६२.५ |
| जम्मा | | ४७१५१९ | १०० | ५१२४७९ | १०० | ५५३४७८ | १०० |

***नोटः जलवायु संकेतकोआधारमा बजेट बिनियोजन आर्थिक बर्ष २०७७/७८ र ०७८/७९ को बजेट तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार गरिएको छ ।***

## २.६विषय क्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

तालिका २.९ आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा)

रकम रु.हजारमा

| क्र.स. | बिषय क्षेत्र | २०७८÷७९ को व्यय अनुमान | | | २०७९÷८० को खर्च प्रक्षेपण | | | २०८०÷८१ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत |
| १ | आर्थिक विकास | ३८८५४ | २१३७० | १७४८४ | ४११८५ | २२६५२ | १८५३३ | ४४४८० | २८९१२ | १५५६८ |
| २ | सामाजिक विकास | २०२०२१ | १७८६६९ | २३३५२ | २२६८११ | १५८७६८ | ६८०४३ | २४१३०५ | १६८९१४ | ७२३९२ |
| ३ | पूर्वाधारविकास | १०५००० | ७३५० | ९७६५० | १११३०० | ८९०४ | १०२३९६ | १२३८५६ | ८६७० | ११५१८६ |
| ४ | वन,वाताबरण तथा विपद ब्यबस्थापन | ११४९९ | ६८९९ | ४६०० | १२१८९ | ७९२३ | ४२६६ | १३१६४ | ७८९८ | ५२६६ |
| ५ | सार्बजनिक सेवा प्रबाह तथा संस्थागत सुशासन | ११४१४५ | ९७०२३ | १७१२२ | १२०९९४ | १०२८४५ | १८१४९ | १३०६७३ | १११०७२ | १९६०१ |

स्रोत: ***विषय क्षेत्रगतआधारमा बजेट बिनियोजन तथा प्रक्षेपण आर्थिक बर्ष २०७७/७८ र ०७८/७९ को बजेट तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार गरिएको छ ।***

आर्थिक वर्ष २०७८÷७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत अनुसूची १ मा समावेश गरिएको छ ।

# परिच्छेद - ३
# आर्थिक विकास

## ३.१पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। खाद्य सुरक्षा, सम्पति तथा रोजगारीको हक लाई मौलिक हकअन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यवसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुतगरिएको छ ।

## ३.२विद्यमान अवस्था, संभावना तथा अवसर

लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अवस्थित कालिगण्डकी गाउँपालिका कृषि तथा पशुपालनको दृष्टिले प्रसिद्ध रहनुका साथैकृषि,तथा पशुपालन विकासको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। उत्पादित कृषि तथा पशुपंक्षी जन्य उत्पादनको लागि पाल्पा, पोखरा तथा बुटवल जस्ता शहरहरुमा सहज बजार पहुँच रहेको छ।७ वटा वडामा विभाजन गरिएको यसकालिगण्डकी गाउँपालिकाको पश्चिममाचन्द्रकोट गाउँपालिका र सत्यबती गाउँपालिका, गुल्मी, उत्तरमाजमैनी नगरपालिका,बाग्लुंग, पूर्वमाकालिगण्डकी नदि तथा पर्बत जिल्लाको बिहादी गाउँपालिका,र दक्षिणमाकालिगण्डकी गाउँपालिका स्याङ्गजा र सत्यबती गाउँपालिका गुल्मीसँग जोडिएको छ । यसगाउँपालिकाको मुख्य प्रवेशद्धार तथा व्यापारिक केन्द्रको रुपमा भैरहवा बजार रहेको छ ।कृषि तथा पर्यटन विकासमा प्रचुर सम्भाबना रहेको तथा विकासको गतिमा तिब्र रुपमा लम्कदै गरेको यस गाउँपालिकाको सबै वडा कार्यालय केन्द्रसम्म कच्चीसडकको पहुँच बिस्तार भएको छ ।यस क्षेत्रका अधिकांश मानिस कृषि पेशामा आबद्ध रहेका छन्।यस गाउँपालिकामाखाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार झन्डै२१ प्रतिशत, १० महिना भन्दा बढी खाना नपुग्ने परिबार ७.३२ प्रतिशत, ७ देखि ९ महिना खान पुग्ने परिबार १७.७५प्रतिशत, ४ देखि ६ महिना खान पुग्ने परिवार झन्डै ४१.६४ प्रतिशत रहेको छ भने करिब १२.१९ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले ३ महिना भन्दा कम समयलाई खाना पुग्ने तथ्यांक रहेको छ (श्रोतः गाउँ पार्श्वचित्र)। आक्रर्षक वन तथा उद्यान क्षेत्र, खेतीयोग्य जमिन, र प्रचुर सम्भाबना बोकेका खोला तथा नदीहरु एबं भोगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा पर्यटन, कृषि, पशुपालन, जलबिधुत जस्ता आर्थिक विकासका कार्यक्रममा जोड दिनु पर्ने देखिन्छ । गाउँपलिकामा परम्परागत रुपमा चलिआहेका राजकुलो लगायतका अन्य सिंचाई आयोजनाबाट सिंचाई भैरहेको छ । हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा कुलो तथा थोपा सिंचाई रहेका छन् । सिंचाईका लागि यस गाउँपालिकामा रहेका खोला नालाहरुबाट सिंचाईको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिने संभावना रहेको छ ।

उन्नत प्रविधि, नश्ल र आहार तथा खोर व्यवस्थापन आदिद्वारा पशुपंक्षीपालनलाई व्यवसायीकरण गरी उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा गाउँपालिकामा पशुपालन कार्यलाई थप व्यवसायिक, उत्पादन र आयमूलक बनाउन सकिने सम्भावना देखिन्छ ।

गाउँपालिका क्षेत्रमा बजार केन्द्रहरु विकास हुँदै गएका छन् ।कालिगण्डकी करिडोरमा पर्नेकालिगण्डकी क्षेत्र ब्यापार तथा व्यवसायका लागि समेत व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने सम्भाबना बोकेको क्षेत्र हो ।भूउपयोग नीतिको कार्यान्वयन तथा भौतिक पूर्वाधारको व्यवस्था जस्ता कुराहरुको प्रबद्र्धन गर्न

सकेमाव्यापार तथा व्यवसाय सिर्जना र विकास मार्फत गाउँपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने सम्भावना रहेको छ ।आर्थिक विकासको प्रमुख साधन मध्ये श्रम शक्ति एक हो । रोजगारीका प्रशस्त संभावना तथा अवसर उपलब्ध रहेको यस गाउँका मुख्य क्षेत्रहरुमा व्यापार, सेवा क्षेत्र, कृषि तथा पशुपंक्षी पालन, निर्माण क्षेत्र, पर्यटन, एबं जलबिधुत क्षेत्रको विकास मार्फत थप रोजगारीका अवसरहरु सिर्जना हुन सक्ने देखिन्छ ।

## ३.३समस्या तथा चुनौती

कालिगण्डकी गाउँपालिकाभित्र भूउपयोग नीतिको अभावमा खेतीयोग्य र हरित क्षेत्र खुम्चदै जानुका साथै अब्यबस्थितबस्ती विस्तारका कारण खेतीयोग्य जमिनमा ह्रास हुँदै जान सक्ने जोखिम रहेको छ । परम्परागत निर्वाहमुखी खेती प्रणालीका कारण खाद्यन्न आत्मानिर्भरतामा कमी रहेको छ ।समयमा गुणस्तरीय बीउ, मल र प्राविधिक सेवा तथा सिंचाई सुबिधा उपलब्ध नहुनुले कृषि क्षेत्रको विकासमा असहजता सृजना गरेको छ । यसैगरीकृषि प्राविधिक जनशक्तिको कमी, माटोको नियमित परीक्षण हुन नसक्नु तथा स्थानीय स्तरमा बीउ उत्पादन, संरक्षण र उपयोग हुन नसक्नु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, सिंचाई सुविधा कमी हुँदा मौसमी खेती हुनु, पकेट खेती विकास कार्यक्रम तथा प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन।संचालित सिंचाई आयोजनाहरु विस्तार हुन नसक्नु तथा संकलन पोखरी, भूमिगत सिंचाई र लिफ्ट प्रणाली जस्ता वैकल्पिक सिंचाई आयोजना सञ्चालन हुन नसकेको देखिन्छ ।यसका साथै व्यवसायिक ज्ञान एबं सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, वित्तीय सेवा पहुँचमा कमी, कृषि बिमाको अभ्यासको कमी, बजार अनिश्चिता, संकलन केन्द्र लगायतका पूर्वाधारहरु कमी यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

पशुपालन क्षेत्रमा अझै पनि परम्परागत र निर्वाहामुखी प्रणालीबाट पशुपंक्षीपालनको अभ्यास रहेको छ।उन्नत जातको पशुपालनको अभ्यास न्यून रहेको छ भने परम्परागत गोठ तथा व्यवस्थापन प्रणाली अभ्यासमा रहेको छ ।व्यवस्थित पशु चरण क्षेत्र, सरल कर्जाको व्यवस्था, उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्यको कमीका यस क्षेत्रका समस्या रुपमा रहिरहेको छ । पशुपालनको क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको कमी, पशु स्वास्थ्य सेवाको गुणस्तरमा कमी, नश्ल सुधारको कमीका कारण समस्याको रुपमा रहेको छ ।समग्रकृषि तथा पशुपालन विकास र बिस्तारको लागि एकिकृत गुरुयोजना तयार हुन सकेको छैन ।

व्यापार तथा व्यवसायको दर्ता, नविकरण, कर तथा दस्तुर असुली र नियमनलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।गाउँपालिकामा उद्योग व्यवसायमा संम्लग्न जनसंख्या सम्भावनाको आधारमा न्यून रहेकोछ भनेसञ्चालनमा रहेका स-साना घरेलु उद्योगहरु तथा परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु,, वित्तीय पहुँच सहज नहुनु, विशेषज्ञ स्तरको दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ।

सहकारी संचालक कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीय समुदायमा आम्दानी तथा बचतको अभ्यासमा कमी रहनु यस क्षेत्रको चुनौतीको रुपमा रहेका छन् ।

## ३.४ अवसर

कृषि बिकास तथा पर्यटकीय क्षेत्रको रुपमा परिचितकालिगण्डकी गाउँपालिका सडक संजालको सहज पहुँचमा अवस्थित कालिगण्डकी क्षेत्र प्राकृतिक तथा सांस्कृतिक सम्पदा, जलबिधुतको बिकास, पर्यटकीय स्थल, ब्यबसायिक क्षेत्रको विस्तार र कृषि तथा पशुपालनको विकासको पर्याप्तसम्भाबना रहेको छ ।

## ३.५विषय क्षेत्रगतसोच, लक्ष्य, उद्देश्य र रणनीति

### ३.५.१. सोच

- दिगोरसमुन्नतस्थानीयअर्थतन्त्रकोनिर्माण

### ३.५.२ लक्ष्य

- उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्ने

### ३.५.३ उद्देश्य

गाउँपालिकाका आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. कृषि क्षेत्रको विशिष्टीकरण, विविधिकरण तथा व्यवसायिकरण गर्नु,
२. दिगो तथा वैकल्पिक सिंचाई सुविधाको विकास र विस्तार गर्नु,
३. पशुपंक्षीजन्य उत्पादनको वृद्धि, व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्नु,
४. पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र पर्यटकीय सेवाको विकास, विस्तार र विविधिकरण गर्नु
५. व्यापार तथा व्यवसायको विकास तथा विस्तार गर्नु,
६. स्थानीयस्तरमा उपलब्ध रोजगारीको विस्तार तथा रोजगारमूलक उद्यमको प्रवद्र्धन गर्नु,
७ वित्तीय सेवामा गाउँवासीको पहुँच वृद्धि गर्नु ।

### ३.५.४ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथाउद्देश्य हासिल गर्नकेन्द्रित रहनेगरी देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ;

**उद्देश्य १ सँग सम्बन्धित**

१. कृषिको विशिष्टीकरण, यान्त्रिकरण तथा आधुनिकिकरण गरी उत्पादन परिमाण र गुणस्तर अभिवृद्धि गर्ने ।
२. कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।
३. कृषि उपजहरुको व्यवसायीकरण तथा बजार प्रवद्र्धन गर्ने ।
४. स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा रकार्यान्वयन गर्ने ।

**उद्देश्य २ सँग सम्बन्धित**

१. आधुनिक तथा प्रयाप्त सिंचाई सुविधा विस्तार गर्ने ।
२. विद्यमान बिभिन्न सिंचाई प्रणालीको संरक्षण, मर्मत सम्भार तथा स्तरोन्नति गर्ने ।
३. वैकल्पिक सिंचाइ सुविधाको बिकास र प्रयोग बढाउने ।

**उद्देश्य ३ सँग सम्बन्धित**

१. पशुपंक्षीजन्य क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र विशिष्टिकरण गरी उत्पादनमा वृद्धि गर्ने,
२. कृषक, कृषक समूह तथा कृषि सहकारी एबं अन्य संस्थाहरुको क्षमता रउद्यमशीलताअभिबृद्धि गर्ने,
३. पशुपंक्षीजन्य उपजको बजारीकरण प्रवद्र्धन गर्ने,
४. पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवा विस्तार तथा गुणस्तर सुधार गर्ने,
५. पशुपंक्षी पालन सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने,

**उद्देश्य ४ सँग सम्बन्धित**

१. पर्यटकीय स्थलको संरक्षण, पूर्वाधार विकास, स्तरोन्नती तथा प्रवद्र्धन गर्ने ।
२. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने ।
३. पर्यटन विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने ।
४. स्थानीय कला, संस्कृति, भेषभुषा र सम्पदाको संरक्षण र प्रवद्र्धन गरी पर्यटन विकासको अवसरमा अभिवृद्धि गर्ने ।

**उद्देश्य ५ सँग सम्बन्धित**

१. कोभिड १९ का कारण रोजगारी तथासानाव्यवसायमा पारेको नकारात्मक असर न्यूनीकरण गर्न राहत र पुनर्लाभको कार्यक्रम सञ्चालन गर्ने ।

२. लघु, साना, मझौला तथा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा वातावरण तयार गर्ने ।

३. औद्योगिक तथा व्यवसायिक उत्पादनलाई गुणस्तरीय र विश्वसनीय गराउने ।

४. स्थानीय उत्पादनको बजार प्रवद्र्धन गर्ने ।

५. ब्यापार-ब्यवसायमा महिला, दलित तथा अति विपन्न नागरिकको सहभागितामा जोड दिने ।

६. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**उद्देश्य ६ सँग सम्बन्धित**

१. सञ्चालित विकास निर्माणका आयोजनामार्फत श्रम तथा रोजगार प्रवद्र्धन गर्ने ।

२. गाउँपालिकाको तत्कालिन, मध्यमकालीन र दीर्घकालिन अवधिका लागि रोजगार योजना बनाई सो अनुसार विकास निर्माण कार्य सञ्चालन गर्ने ।

३. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**उद्देश्य ७ सँग सम्बन्धित**

१. गाउँपालिका क्षेत्र भित्रका नागरिकको वित्तीय सेवामासहज पहुँच विस्तार तथा सुदृढ गर्ने ।

२. सहकारी क्षेत्रलाई ब्यबस्थित, भरोसायोग्य र सदस्यको अधिकतम हितमा परिचालन गर्ने गरी प्रबर्धन एबं विकास गर्ने ।

## ३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.१ आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (स्रोत: सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| कृषि विकास | | | | | |
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | ७९४२ | ८००० | ८३०० | ८७०० |
| उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | ४८४ | ५०० | ६५० | ८०० |
| नोकरी | संख्या | ८४२ | ९०० | १०२० | ११५० |
| पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | संख्या | १६० | १८५ | २१० | २४० |
| वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | १९९१ | १७५४ | १६६० | १५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २१.२ | २४.५ | २९ | ३१ |
| वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | १५ | १८ | २२ | २९ |
| खेती गरिएको जमिन | रोपनी | १५६७७ | १५८०० | १६००० | १६२०० |
| साना किसानको औषत वार्षिक आय | रु.हजार | १५० | १६५ | १८५ | २०० |
| तरकारी उत्पादन | मे.टन | १२३७५ | १३००० | १३७०० | १४६०० |
| अन्नवाली | मुरी | ३०६९३ | ३१००० | ३१९०० | ३२५०० |
| फलफुल उत्पादन | कि.ग्रा. | २१६४० | २२५०० | २३३०० | २४२०० |
| नगदे वाली उत्पादन (दलहन, तेलहन समेत गरी) | कि.ग्रा. | २९५०० | ३०५०० | ३१५०० | ३३००० |
| सिंचाई | | | | | |
| १२ है महिना सिंचाई हुने क्षेत्र (खेतीयोग्य जमिनको) | प्रतिशत | ३५ | ४० | ४५ | ५० |
| पशपंक्षी तथा माछा विकास विकास | | | | | |
| कुखुरा÷पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | ५१ | ५५ | ६० | ६५ |
| अन्डाको वार्षिक उत्पादन (लाखमा) | संख्या | ३९ | ४५ | ५० | ५५ |
| खसी, वोकाको बार्षिक मासु उत्पादन | मे.टन | ९८५ | १०५० | ११५० | १३०० |
| राँगाको बार्षिक मासु उत्पादन | मे.टन | १५९ | १७५ | २०० | २५० |
| बार्षिक दूध उत्पादन (हजार) | लिटर | ३२७ | ३५० | ३८० | ४१० |
| पर्यटन, ब्यबसाय तथा वित्तीय संस्था | | | | | |
| भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक÷वाह्य हजारमा) | संख्या | २ | २.३ | ३ | ३,५ |
| होटेल, रिसोर्ट तथा होमस्टे | संख्या | २३ | २७ | ३२ | ३८ |
| ब्यापार, ब्यबसाय तथा फर्म | संख्या | ३८५ | ४०० | ४२० | ४५० |
| वित्तीय संस्था | संख्या | ६ | ६ | ७ | ८ |

स्रोतः गाउँपालिकाको पार्श्वचित्र

## ३.७ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

आथिक विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३.२ आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०७८/०७९ | ३८८५४ | २१३७० | १७४८४ | १९४३ | २९१४० | ७७७१ | |

**कालिगण्डकी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना** (२०७८÷०७९–२०८०÷०८१)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०८० | ४११८५ | २२६५२ | १८५३३ | २०६० | ३०८८९ | ८२३७ | |
| २०८०/०८१ | ४४४८० | २८९१२ | १५५६८ | २२२४ | ३३३६० | ८८९६ | |
| जम्मा | **१२४५१९** | **७२९३४** | **५१५८५** | **६२२६** | **९३३८९** | **२४९०४** | |

स्रोतः आर्थिक प्रशासन शाखा

## ३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतकाआयोजना तथा कार्यक्रम र बिषय उपक्षेत्रगत रुपमा आगामी तीन वर्ष संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ३.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.६ आर्थिक विकास क्षेत्रका कार्यक्रम÷आयोजनाको संक्षिप्त विवरण** *(आर्थिक बर्ष ०७७/७८ र ०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा रहेको क्रियाकलापलाई समुहिकृत गरी तयार पारिएको छ)*

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना÷कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | कृषि विकास | | | | | |
| 1.1 | कृषि तथा पशु तथ्याङ्क र विकास योजना तर्जुमा | कृषि सम्बन्धी तथ्याङ्खको आधार तयार गर्ने तथा कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउने | २०७८÷७९ | | गाउँपालिकाको प्राथमिकता | कृषि क्षेत्रको स्थिति पत्र र कृषि विकास योजना तयार हुनेछ । |
| 1.२ | कृषि प्राविधिक तथा कृषक अनुदान कार्यक्रम | कृषि प्राविधिक सेवा र कृषि अभ्यासलाई व्यवहारिक बनाउने | २०७८÷७९ देखी २०७०÷८१ | | नीति तथा कार्यक्रमको प्राथमिकता | कृषि उत्पादनको व्यवसायीकरण र उत्पादकत्व बृद्धि हुनेछ । |
| 1.३ | सामुदायिक विउ बैंक र कृषि सेवा केन्द्रको स्थापना | स्थानीय जातका विउको संरक्षण तथा विउको उपलब्धता सहज बनाउने | २०७८÷७९ देखी २०८०÷८१ | | राष्ट्रिय नीति तथा प्राथमिकता | १/१ वटा गाउँस्तरीय सामुदायीक विउ बैंक स्थापना र संचालन हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1.४ | तरकारी (गोलभेडा, च्याउ) पकेट क्षेत्र विकास कार्यक्रम | आयात कम गरी निर्यात बृद्धि गर्न | ;fnj;fnL | | गाउँपालिकाको प्राथमिकता | च्याउ तथा गोलभेडा पकेट क्षेत्र निधारण भएको हुनेछ । |
| 1.५ | नमूना कृषि फार्म र व्यवसायिक खेती प्रवद्र्धनका लागि अनुदान वितरण कार्यक्रम | कृषि प्रसार सेवा र उत्पादनलाई विविधिकरण गर्ने | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | कृषकको आत्म निर्भरता, कषि उत्पादनको बृद्धि र उपजको बिविधिकरण हुनेछ । |
| 1.६ | कृषि तथा पशु प्राबिधिक शिक्षा प्रवद्र्धन | विद्यार्थीलाई जीवनपयोगी र प्राविधिक शिक्षा प्रदान गर्ने र ज्ञान हस्तान्तरण गर्ने | २०७८÷७९ देखी २०८०/०८१ | | गाउँपालिकाको प्राथमिकता | स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता हुनेछ । |
| 1.७ | कृषि सहकारी, उपजकोबजारीकरण रप्रवद्र्धनको लागि अनुदान वितरण कार्यक्रम | pTkflbt s[lif pkhx?sf] ahf/Ls/0f, e08f/0f tyf ljlqm ljt/0f ;xhLs/0f ug] . | सालासाली | | नीतितथाकार्यक्रमको प्राथमिकता | कृषि संकलन केन्द्र, शीत भण्डार, कृषि सहकारी र कृषि एम्बुलेन्स स्थापना र संचालन हुनेछ |
| 1.८ | कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | ;d'x tyf ;xsf/Ldfkm{t s[lifsf] Joj;flos/0f ug{ | सालवसाली | | राष्ट्रिय, प्रदेश र स्थानीय नीति तथा कार्यक्रम | कृषक समूह तथा सहकारी संस्था कृषि उत्पादन, व्यवसाय र प्रसोधनमा संलग्न हुनेछन् । |
| १.९ | व्यवसायिक फूल नर्सरी र खेती विस्तार कार्यक्रम | फुलको निर्यातमा बृद्धि गर्न | सालबसाली | | नीति तथा कार्यक्रम | व्यवसायिक फूल नर्सरी र खेती विस्तार भएका हुनेछन् । |
| 1.1० | खाद्यान्न बाली विकासको लागि बिभिन्न कार्यक्रम (धान, गहुँ, तरकारी) | खाद्यान्य बालीको उत्पादन बृद्धि गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | खाद्यान्न बालीको उत्पादनमा १० प्रतिशले बृद्धि हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1.1१ | व्यवसायिक मौरीपालन कार्यक्रम | गाउँमा मह उत्पादन बृद्धि गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | महको उत्पादमा बृद्धि भएको हुनेछ । |
| 1.1२ | जैविक मल तथा रोग एबं किरा फट्यांग्रा नियन्त्रणकोलागि विषादी प्रवद्र्धन कार्यक्रम | जैविक मलको उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | जैविक मल उत्पादन बृधि हुनुका साथै रोग एबं किरा फट्यांग्रावाट बालिनाली उत्पादनमा हुने नोक्सानी न्यूनीकरण हुनेछ । |
| 1.1३ | कृषि उपजको गुणस्तर तथा विषादी परीक्षण, नियन्त्रण र नियमन सम्बन्धि कार्यक्रम | नागरिकको गुणस्तरीय खाद्यन्य उपलब्ध गराउन | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | एक वटा गुणस्तर परिक्षण केन्द्रको स्थापना हुनेछ । |
| 1.1४ | कृषि क्षेत्र अनुदानका अन्य सालबसाली कार्यक्रम | कृषि व्यवसाय र उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | सशर्त अनुदानको व्यवस्था | वास्तविक कृषक लाभान्वित हुनेछन् । |
| 2. | सिंचाई | | | | | |
| 2.1 | सिंचाई सुविधा विस्तार कार्यक्रम | थप सिंचाई सुविधा विस्तार गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | सिंचाईसुविधा विस्तार भई उत्पादकत्व हुनेछ । |
| 2.2 | बैकल्पिक सिँचाई सुविधा विस्तार लिफ्टिङ्ग, डिप वोरिङ्ग, पोखरी) | सिँचाई सुबिभा बृद्धि गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | सिंचाईसुविधा विस्तार भई उत्पादकत्व हुनेछ । |
| 2.3 | कुलो तथा पोखरी संरक्षण, मर्मतसंभार र स्तरोन्नति | उपलब्धश्रोतको समुचित उपयोग गर्ने | सालबसाली | | गाउँपालिकाको प्राथमिकता बमोजिम | परम्परागत कुलो तथा पोखरी निर्माण र संरक्षण हुनेछ। |

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना÷कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|

| ३. | पशुपंक्षी विकास | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१ | पशुपंछी श्रोत केन्द्रको स्थापना कार्यक्रम (गाई, भैसी, वाख्रा, कुखुरा, टर्की, ) | पशुपंक्षी व्यवसाय बृद्धि रोजगारीको अवसर सृजना गर्न | निरन्तर | | गाउँपालिकाको प्राथमिकता बमोजिम | पशुपंछी श्रोत केन्द्रको स्थापना र संचालन हुनेछ । |
| ३.२ | आधुनिक पशुबधशाला स्थापना | स्वस्थकर मासुको पयोग तथा पहँच बृद्धि गर्न | २०७९÷८० देखी २०८०÷८१ | | गाउँपालिकाको प्राथमिकता | आधुनिक पशुबधशाला स्थापना को स्थापना हुनेछ |
| ३.३ | पशु स्वास्थ्य तथा बिमा कार्यक्रम | पशुपालन व्यवसायलाई प्रबद्र्धन तथा प्रोत्साहन गर्न | सालवसाली | | राष्ट्रिय एवं स्थानीय नीति र कार्यक्रम | व्यवसायिक कृषकहरु प्रतक्ष्य लाभान्वित हुनेछन । |
| ३.४ | पशु आहार व्यवस्थापन कार्यक्रम | व्यवसायिक पशुपालनमा बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | पशुपंक्षी बिकासमा सहयोग पुग्ने । |
| ३.५ | व्यवसायिक पशुपालन तथा पकेट क्षेत्र अनुदान कार्यकम | पशुपंक्षी जन्य उत्पादन बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | नमूना पशुपंक्षी फर्म संचालन हुनेछन् । |
| ३.६ | क्षमता विकास कार्यक्रम | पशु व्यवसाय र उत्पादन बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | प्राबिधिक तथा कृषकहरुको क्षमता विकास हुनेछ । |
| **सि.न.** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **आयोजना÷कार्यक्रमको अवधि (शुरु र समाप्ती)** | **अनुमानित लागत (रु. हजारमा)** | **पुष्ट्याई** | **आगामी ३ बर्षको उपलब्धी सूचक** |
| ३.७ | मस्त्यपालन, प्राकृतिक पोखरी तथा खोलाहरुमा माछाका भुरा व्यवस्थापन कार्यक्रम | माछा उत्पादनमा वृद्धि गर्न तथा रोजगारीको सृजना गर्न | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | मत्स्य व्यवसाय संचालन हुनेछ |
| ३.८ | पशुपंक्षीसेवा सालवसाली कार्यक्रम | निरन्तर कार्यक्रम | सालवसाली | | नीति तथा कार्यक्रम | कृषक लाभान्वित हुनेछन् |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | पर्यटन तथा सँस्कृति | | | | | |
| ५.१ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | पर्यटकहरु आकर्षण तथा आवागमनमा वृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको नीति तथा प्राथमिकता | पर्यटकीय स्तरका होटल, पर्यटन पार्क÷भ्यू टावर र पिकनिक स्थलनिर्माण भई सुचारु हुनेछ । |
| ५.२ | पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | पर्यटनलाई व्यवसायको रुपमा विकास गर्ने | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | पर्यटकीय व्यवसायीको सीप तथा क्षमता विकास हुनेछ । |
| ५.३ | मौलिक संस्कृति, धार्मिक क्षेत्र, मेला तथा पर्व संरक्षण एबं प्रवद्र्धन कार्यक्रम | स्थानीय संस्कृति संरक्षण र प्रवद्र्धन गर्ने | सालवसाली | | गाउँपालिकाको नीति तथा प्राथमिकता | मौलिक संस्कृति एबं धार्मिक क्षेत्रको संरक्षण र प्रबर्धन भएको हुने |
| ५.४ | कृषि पर्यटन कार्यक्रम एबं अन्य सालबसाली कार्यक्रम | कृषि उत्पादनमा बृद्धि तथा प्रचार गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | गाउँमा कृषि पर्यटन सुरुवात हुनेछ । |

| सि. न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना÷कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ६. | उद्योग, व्यापार तथा व्यवसाय | | | | | |
| ६.१ | स्थानीय कच्चा पदार्थ, ज्ञान, सीप र प्रविधि सम्बन्धी अध्ययन, संरक्षण र प्रवद्र्धन बिबिधकार्यक्रम | उद्योग व्यवसाय सिर्जनाको वातावरण तयार गर्ने | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | नयाँ उद्यम तथा व्यवसाय सिर्जना र विकास हुनेछन् । |
| ६.२ | व्याव्सायिक तथा औधोगिक सिप बिकास सम्बन्धि बिबिध (कुटानी, मिस्त्री, कक, वेटर, प्लम्बिङ्ग, अचार बनाउने आदि) तालिम | रोजगार सृजना गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | बार्षिक करिब १०० जनाले सिपमुलक तालिम पाउनेछन् । |
| ६.३ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि/निर्देशिका तर्जुमा | व्यवसाय दर्ता तथा नविकरणको व्यवस्था गर्ने | २०७८/०७९ | | गाउँपालिकाको प्राथमिकता | व्यावसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा र कार्यान्वयन हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5.४ | उद्यमशीलता, व्यवसाय सिर्जना र विकास कार्यक्रम | रोजगारी सृजना गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | |
| 6. | श्रम तथा रोजगार | | | | | |
| 6.1 | गाउँस्तरीय रोजगार योजना तर्जुमा | तत्कालिन ताथ दीर्घकालिन रोजगारीको आधार तयार गर्ने | २०७९/०८० | | राष्ट्रिय नीति तथा प्राथमिकता | रोजगार योजना तर्जुमा भएको हुनेछ |
| 6.2 | स्थानीय रोजगार प्रवद्र्धन तथा सिपमुलक तालिम र प्रविधि हस्तान्तरण संचालन कार्यक्रम | सीपयुक्त, अनुभवी र दक्ष स्थानीय व्यक्तिको पलायन रोक्ने | सालवसाली | | राष्ट्रिय नीति तथा प्राथमिकता | करिब ६०० जना रोजगार कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् । |
| 6.3 | श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | श्रमिकको न्युनतम सुरक्षा सुनिश्चित हुने व्यवस्था गर्ने | सालवसाली | | राष्ट्रिय नीति तथा प्राथमिकता | करिब ६५० श्रमिक सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् । |
| 7. | वित्तिय सेवा तथा सहकारी | | | | | |
| 7.1 | सहकारी सुपथव्यवसाय तथा पसल सञ्चालन तथासाझेदारी अनुदान कार्यक्रम | गाउँमा सुलभ मुल्यका पसल सञ्चालन गर्न सान्झेदारीगर्ने | सालवसाली | | आवधिक योजनाको प्राथमिकता | सुलभपसल स्थापना हुनेछन् । |
| 7.२ | लक्षित वर्ग सहकारी सचेतना तथा प्रबद्र्धन र सहकारी तालिम कार्यक्रम | लक्षित वर्गमा वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गर्ने | सालवसाली | | राष्ट्रिय नीति तथा प्राथमिकता | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा वित्तीय सेवा र सुविधाको सहज पहुँच बृद्धि हुनेछ। |
| 7.३ | कर शिक्षा तथा व्यवसाय योजना तर्जुमा तालिम | गाउँमा आम्दानी बृद्धि गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | वर्षमा १ पटक हुनेछन् |
| 7.4 | साना उद्यमी व्यवसायी प्रवद्र्धन कार्यक्रम | उद्यमशीलताविकास गर्ने | ;fna;fnL | | गाउँपालिकाको प्राथमिकता | साना उद्यमीहरू प्रतक्ष्य लाभान्भित हुनेछन |

## ३.९ जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । गाउँपालिका क्षेत्रमा कृषिको व्यवसायीकरण, कृषि पर्यटन, जैविक तथा वातावरणमैत्री कृषि प्रवद्र्धन, फूलखेती समेत उच्च मूल्यका कृषि उपजको प्रवद्र्धन, खाद्य स्वच्छता, पोषण र माटो व्यवस्थापन, पशु नश्ल सुधार र पशु आहार व्यवस्थापन लगायत कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा कृषि उत्पादन, व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ । सहकारी संस्थालाई उत्पादन, उद्यमशिलता र बजारीकरणका क्षेत्रमा अग्रसर गराउन, जैविक खेती, उत्पादन, प्रशोधन र बजारीकरणसँग जोड्ने, सहकारीका सदस्यहरुलाई स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय बजारको माग अनुसारको ज्ञान, सीप र प्रविधि प्रदान गर्न, क्षमता तथा उद्यमशिलता विकास कृषि र गैर कृषि उत्पादन, उत्पादकत्व र बजारीकरणमा परिचालन गर्न आवश्यक छ ।

संघ एबम्प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ । यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् । छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र कृषि उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् । संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद - ४
# सामाजिक विकास क्षेत्र

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत स्वास्थ्य तथा पोषण एवं माध्यमिक शिक्षा, सामाजिक न्याय समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ।शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य र संस्कृति जस्ता उप–क्षेत्रहरु समेटिएकोसामाजिक क्षेत्रको विकास समग्र विकासको गुणात्मक तथा गतिशिल आयाम हो।नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्यसमुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ ।

वर्तमान १५ औं राष्ट्रिय योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ।लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिएको देखिन्छ।

## ४.२ विद्यमान अवस्था, संभावना र अवसर

वर्तमान संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता प्रदान गर्ने रहेको देखिन्छ।लुम्बिनी प्रदेश सरकारले शिक्षाको विकास र विस्तार गरी समन्यायिक र समावेशी पहुँच सुनिश्चित गर्ने शिक्षा क्षेत्रको क्षेत्रगत लक्ष्य लिएको छ ।कालिगण्डकी गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार, जनशक्ति तथा विद्युतीय सूचना प्रविधिको उपयोगलाई उच्च महत्व दिएको छ।कालिगण्डकी गाउँपालिकाभित्र प्राबिधिकसामुदायिक उच्चविद्यालय सञ्चालन प्राथमिकतामा रहेको छ।

खानेपानी तथा सरसफाईको क्षेत्रमा संघीय सरकार प्रदेश सरकार तथाकालिगण्डकी गाउँपालिकाले उच्च प्राथमिकता रहेको छ ।लुम्बिनी प्रदेशको पहिलो आवधिक विकास योजनाले स्वच्छ खानेपानी आपूर्ती र सरसफाईमा घरधुरीहरुको पहुँच सत प्रतिशत पुर्याउने उद्देश्य लिएको छ ।कालिगण्डकी गाउँपालिकाले सरसफाई अभियानमा जनसहभागिता अभिवृद्धि गर्ने हिसाबले "आफ्नोगाउँआफैसफागरौं"भन्नेकार्यक्रमसञ्चालनगरेकोछ।कालिगण्डकी क्षेत्र खुला दिशामुक्त क्षेत्र घोषणा भइ सकेकोछ । खानेपानी आयोजनाको व्यवस्थापन उपभोक्ता समिति मार्फत हुने अभ्यास रहेको छ ।आबश्यकता अनुरुप सार्वजनिक शौचालय निर्माण र संचालनमा जोड दिने गरिएको छ ।

नेपालको संविधानको व्यवस्था एवं अन्य प्रचलित नीतिगत व्यवस्था र कानून बमोजिम महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाति, द्बन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि विशेष व्यवस्था गरेको छ ।लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएको छ । लक्षित वर्गका लागि रोजगारी, सीप विकास र सहभागिताका विशेष अवसर सिर्जना हुने कार्यक्रम प्राथमिकतामा पर्ने गरेका छन् ।यसै गरीगाउँपालिकाले युवा स्वरोजगारी तथा खेलकुद क्षेत्रको प्रवद्र्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ । युवा स्वरोजगारीका

तालिम तथा प्रोत्साहनमुलक कार्यक्रमहरु हरेक वर्ष गाउँकार्यपालिका कार्यालयले सञ्चालन गर्ने गरेको छ ।

## ४.३ समस्या र चुनौती

शैक्षिक पूर्वाधारको स्तरोन्नति तथा बिद्यालय शिक्षामा सहज पहुँच स्थापित हुँदै गएको भएता पनि गुणस्तरीय शिक्षाको प्रत्याभूति हुन सकेको छैन ।यसै गरी बिद्यालयमा भर्ना भएका बिद्यार्थीलाईबिद्यालयमाटिकाई राख्नु मुख्य चुनौती रहेको छ ।जनसंख्या कम तर विद्यालयसँगको भौगोलिक दुरी बढी रहेका विद्यालयसँगको सहज पहुँच कायम गर्न कठीनाई रहेको छ । अर्को तर्फ निजी तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा समानता नहुनु, गरिविको कारण बिद्यालय भर्ना भएता पनि निरन्तर बिद्यालय नजानु र घरमा पर्याप्त शैक्षिक गतिविधिमा संलग्न हुन नसक्नु समस्या विद्यमान रहेको छ। बिद्यालय शिक्षामा जीवन उपयोगी, रोजगारमूलक र प्राबिधिक ज्ञान सिपको कमीले गर्दा शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायनको अवस्था कायमै रहेको छ ।

गाउँपालिका क्षेत्रमा हालसम्म स्थानीय पाठ्क्रम तयार हुन सकेको छैन ।बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापन, जनशक्ति, सरसफाई, सिकाइ सामग्री तथा पूर्वाधारको कमी रहेको छ । सामुदायिक विद्यालयमा बालमैत्री तथा अपांगमैत्री विद्यालयमा भवन, फर्निचर, घेरावार, शौचालय, स्वच्छ खानेपानीको व्यवस्थामा कमी रहेको छ ।नियमित मुल्याङ्कन प्रणाली र शैक्षिक गुणस्तरको मापदण्डमा अस्पष्टताका कारण शैक्षिक गुणस्तर सुधारमा कठिनाइ भएको छ । प्राविधिक तथा उच्च शिक्षामा सम्वन्धन प्राप्ति तथा सञ्चालनमा आर्थिक तथा व्यवस्थापकीय कठिनाइ रहेको छ ।

जनस्वास्थ्य जस्तो संवेदनशिल विषयमा सबै गाउँपालिकावासीको सहज पहुँच नहुनु,र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था नहुनु जस्ता समस्या तथा चुनौतीहरु रहेका छन् । गाउँमा आधारभुत स्वास्थ्य संस्था तथा जनशक्तिको अभाव, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् । कोभिड १९ जस्ता स्वास्थ्य सम्बन्धी महामारीको अवस्थालाई सम्बोधन छुट्टै अस्तापल, आइसोलेसन वार्ड, प्रयोगशाला तथा परीक्षण सामाग्री र किट, सघन उपचार कक्ष, भेन्टीलेटर र सो अनुसारको स्वास्थ्यकर्मी व्यवस्था हुन नसकेको देखिन्छ ।जनचेतनाको कमीले गर्दा विशेषगरी बिपन्न बर्गका स्थानीयमा अझै पनि स्वास्थ्य समस्या लुकाउने समस्या कायम रहेको देखिन्छ। बालबालिकाको पोषण तथा नियमित तौल र स्वास्थ्य जाँचमा पर्याप्त ध्यान दिने गरिएको देखिदैन ।गाउँपालिकामा स्वास्थ्य विमा कार्यक्रममा गाउँका बासिन्दाको पहुँच अत्यन्त न्युन रहेको छ ।

खानेपानी तथा सरसफाईको क्षेत्रमा पछिल्ला दिनहरुमा उल्लेखनीय सुधार भएता पनि स्वच्छ खानेपानी पहुँच तथा व्यवस्थित सरसफाईका अभ्यास दिगो रुपमा स्थापित हुन सकेका छैनन्।सार्वजनिक शौचालयको व्यवस्थापनमा कठिनाई रहेको छ।शहरउन्मुख क्षेत्रमा व्यवस्थित ढल निकासको कमी रहेको छ । खानेपानी तथा सरसफाई क्षेत्रमा निजी तथा सामुदायिक क्षेत्रको योगदानमा कमी रहेको छ ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि नीतिगत तथा व्यवहारिक तहबाट प्रयत्नहरु भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी रहनुका साथै प्रभाबशाली उपस्थिति हुन सकेको छैन ।बिपन्न बर्गको परिवारमा महिला हिंसा, बाल हिंसा तथा घरेलु हिंसाका घटना दिनहु घट्ने गरेका छन्। लक्षित वर्गको स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन् ।

कालिगण्डकी क्षेत्रमा युवा बेरोजगारी तथा युवा पलायनको अन्त्य हुन सकेको छैन । युवाका लागि लक्षित कार्यक्रमहरु सञ्चालन भएता पनि बेरोजगारी, पलायन तथा दुव्र्यसन व्याप्त रहेको छ । युवाका लागि रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ । खेलाडीका प्रशिक्षण, खेल मैदान, खेल सामग्रीको तथा व्यवसायिक खेलका अवसरमा कमी रहेको छ।

## ४.४ अवसर

गाउँपालिकामा सामाजिक क्षेत्रको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण तथा युवा लक्षित कार्यक्रम संचालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यस गाउँपालिका भौगोलिक र अन्तरआबद्धताको दृष्टिले रणनीतिक स्थानमा अवस्थित रहेको छ । सुगमता र पूर्वाधारको दृष्टिकोणबाट समेत सुगम रहेको यस गाउँपालिका शैक्षिक तथा स्वास्थ्यका सुबिधाको केन्द्रको रुपमा विकास गर्न सकिने अवसर रहेको देखिन्छ।

## ४.५ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ४.५.१ दीर्घकालिन सोच

- सभ्य, शिक्षित, स्वस्थ समाबेशी र युवामैत्रीकालिगण्डकी

### ४.५.२ लक्ष्य

- शिक्षित, स्वस्थ, समाबेशीर सृजनशील मानव पुँजीको निर्माण गर्ने

### ४.५.३ उद्देशय

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन;

- ब्यबहारिक, गुणस्तरीय, प्राबिधिक र जीवनउपयोगी शिक्षाका अवसर तयार गर्नु,
- पोषण तथा गुणस्तरीयस्वास्थ्य सेवाको सहज पहुँच अभिवृद्धि गर्नु,
- स्वच्छ खानेपानीमा दिगो पहुँच र सरसफाई तथा स्वच्छता प्रवद्र्धन गर्नु,
- आर्थिक–सामाजिक रुपमा सिमान्तिकृत वर्गको क्षमता, सहभागिता र आत्मविश्वासमा अभिवृद्धि गर्नु,
- युवा वर्गको सृजनशिल तथा उद्यमशील क्षमता अभिवृद्धि र उपयोग गर्नु,
- सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण तथा प्रवद्र्धन गर्नु ।

### ४.५.४ रणनीति

सामाजिक विकास क्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ:

**उद्देश्य १ सँग सम्बन्धित**

1. प्रारम्भिक बाल विकास तह देखि उच्च शिक्षा र प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।
2. विद्यालय शिक्षालाई व्यवहारिक, व्यवसायिक, सीपमूलक र जीवनपयोगी बनाउने
3. शिक्षण सिकाई, प्रशासनीक कार्य तथा अनुगमनमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने ।
4. विद्यालयको संस्थागत सक्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य २ सँग सम्बन्धित**

१. आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने
२. स्थानीय स्वास्थ्य संस्थाको सुद्दढीकरण तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने ।
३. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने
४. पोषण विशेष सेवाहरुमा समान पहुँच वृद्धि तथा उपभोगमा सुधार गर्ने
५. जनस्वास्थ्य प्रवद्र्धनका लागि समुदायस्तर सम्मको संरचनालाई प्रभावकारी गराउने ।

### उद्देश्य ३ सँग सम्बन्धित

१. स्वच्छ खानेपानीमा सहज पहुँच, जनस्वास्थ्य तथा पूर्ण सरसफाई अभियानलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने,
२. सबै घरपरिवारमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गने ।
३. फोहोरमैला व्यवस्थापनलाई दिगो तथा प्रभाबकारी गराउन आवश्यक आधार तयार गर्ने ।
४. वातावरणीय स्वच्छता र सरसफाई अभियानलाई प्रभावकारी बनाउन

### उद्देश्य ४ सँग सम्बन्धित

1. विपन्न, पिछडिएको तथा लक्षित वर्गको सक्षमता र आत्मविश्वासमा अभिवृद्धि गर्ने ।
2. स्थानीय संरचना, नीति तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित गर्ने ।
3. सबै खाले हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत र व्यवहारिक प्रयत्न गर्ने ।
4. स्थानीय नीति तथा पूर्वाधार निर्माणलाई अपांगमैत्री, जेष्ठ नागरिक मैत्री, बालमैत्री तथा महिलामैत्री गराउन
5. ज्येष्ठ नागरिकको ज्ञान हस्तान्तरण, सम्मान, सुरक्षा र सेवालाई सुनिश्चित गर्ने ।
6. लक्षित वर्गको सशक्तीकरण तथा हित रक्षाका लागि समुदायलाई परिचालन प्रभावकारी गराउने।

### उद्देश्य ५ सँग सम्बन्धित

१. क्षमता विकास तथा स्वरोजगारीका अवसरको माध्यमबाट युवा वर्गको आत्मविश्वासमा अभिवृद्धि गर्ने ।
२. युवा वर्गमा अग्रसरता, नवप्रर्वतन तथा उद्यमशिल संस्कृतिको विकास गर्ने ।
३. खेलकुदका पूर्वाधार विकास तथा खेलाडी प्रोत्साहनमार्फत युवाको सृजनशिलता विकास गर्ने ।

### उद्देश्य ६ सँग सम्बन्धित

१. स्थानीय कला तथा संस्कृतिको पहिचान, संरक्षण र प्रवद्र्धन गने

२. मौलिक कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धानलाई प्रोत्साहित गर्ने ।

३. स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकाससँग आवद्ध गर्ने

## ४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सामाजिक क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.१ सामाजिक विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (*स्रोत: गाउँपालिकाको पार्श्वचित्र तथा बार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको*)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/८१ |
| सामाजिक विकास क्षेत्र | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षा | | | | | |
| साक्षरतादर (५ बर्ष भन्दा माथि) | प्रतिशत | ७२.९१ | ७५ | ७९ | ८३ |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३८ | ४५ | ५३ | ६० |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | 38 | 5५ | 70 | ८५ |
| विद्यालय बिचैमा छोड्ने दर | प्रतिशत | 8 | 6 | 5 | ४ |
| विद्यालय वाहिर रहेका (४–१२ वर्ष) बालबालिका | संख्या | ७५ | ६५ | ५० | ३५ |
| प्रारम्भिक बालकक्षामा अध्ययनरत ४–५ बर्षका बालबालिका | जना | ५११ | 600 | 650 | ७०० |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९० | 92 | ९३ | 94 |
| माध्यमिक तहमा अध्ययन बिध्यार्थी | संख्या | १०८८ | ११२५ | ११६० | १२०० |
| स्वास्थ्य ताथ पोषण | | | | | |
| कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | 6 | 5 | ४ | 4 |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ९० | 91 | 92 | 93 |
| जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | 19 | 18 | 1७ | 15 |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | 81 | 82 | 85 | 86 |
| विरामी पर्नासाथ स्वास्थ्य संस्था जाने जनसंख्या | प्रतिशत | 40 | 45 | 50 | 52 |
| अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ७० | ६५ | ६० | ५0 |
| खानेपानी तथा सरसफाई | | | | | |
| पाइपबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | ३०२८ | ३100 | ३200 | ३४00 |
| खानेपानी सुविधा उपलब्ध घरपरिवार | संख्या | ३४४१ | ३५00 | ३५20 | ३६०० |
| सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ६५ | ७० | ७५ | ८० |
| महिला, बालबालिका र सामाजिक समावेशीकरण | | | | | |
| नेतृत्वदायी पदमा महिला र लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय | संख्या | 5 | 1० | १2 | १3 |

| | | | | | |
|---|---|---|---|---|---|
| समिति÷संरचना | | | | | |
| क्रियाशील महिला तथा आमा समुह | संख्या | ५३ | ५८ | ६४ | ७० |
| सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | 24 | 30 | 35 | 42 |
| यूवा तथा खेलकुद | | | | | |
| सक्रिय युवाक्लब, सञ्जाल तथा संस्था | संख्या | ६५ | ६८ | ७२ | ७६ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ८९० | ९८० | १०९० | १२०० |
| कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ३० | ३३ | ३५ | ३६ |
| जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ८ | 10 | 1२ | १८ |
| कला, भाषा र साहित्य | | | | | |
| व्यवस्थित रुपले संरक्षित ऐतिहासिक सार्वजनिक स्थल | संख्या | २० | २२ | २४ | २७ |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | १ | २ | ३ |

## ४.७ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुगमन

सामाजिक विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३.२ सामाजिक विकास क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य स्रोत |
| २०७८÷७९ | २०२०२१ | १७८६६९ | २३३५२ | ० | १९७९८१ | ४०४० | |
| २०७९÷८० | २२६८११ | १५८७६८ | ६८०४३ | ० | २२२२७५ | ४५३६ | |
| २०८०÷८१ | २४१३०५ | १६८९१४ | ७२३९२ | ० | २३६४७९ | ४८२६ | |
| जम्मा | ६७०१३७ | ५०६३५१ | १६३७८७ | ० | ६५६७३४ | १३४०३ | |

***स्रोत: आर्थिक प्रशासन शाखा***

## ४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सामाजिक विकास क्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ३.६ मा प्रस्तुत गरिएको छ ।

## tflnsf #=^: ;fdflhs ljsf; tkm{sf sfo{qmd÷cfof]hgfsf] ;+IIfKt ljj/0f

*(आर्थिक बर्ष ०७७/७८ र ०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा रहेको क्रियाकलापलाई समुहिकृत गरी तयार पारिएको छ)*

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| != | शिक्षा | | | | | |
| 1.1 | विद्यालय भवन निर्माण, मर्मत तथा संरचना सुधार कार्यक्रम | सामुदायिक विद्यालयको आकर्षण वृद्धि गर्ने | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार विकास हुने |
| 1.२ | प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम | बालवालिकाको सिकाइ वातावरण तयार गर्ने | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | बाल विकास केन्द्रहरु व्यवस्थित हुनेछन् |
| 1.३ | सूचना प्रविधिमैत्री पठन–पाथान विस्तार कार्यक्रम | प्रविधिमैत्री विद्यालय तयार गर्न | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | सवै विद्यालयहरु प्रविधिमैत्री हुनेछन् |
| 1.४ | नमुना विद्यालय सञ्चालन कार्यक्रम | शैक्षिक गुणस्तर बृद्धि गर्ने | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | नमुना विद्यालय तयार हुनेछन् |
| 1.५ | शैक्षिक गुणस्तर अभिबृद्धिको लागि सुधार कार्यक्रम | सिकाई उपलब्धी दर बृद्धि गर्ने | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | सवै विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि हुनेछन् । |
| 1.६ | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्ने | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | सवै विधालयमा आवश्यक जनक्ति पुगेको हुनेछन् । |
| 1.७ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | विधार्थीको निरन्तता दर बृद्धि गर्न | | | नीति तथा कार्यक्रम | विद्यार्थीको बिद्यालय टिकाउ डर र निरन्तरता बृद्धि हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.८ | प्रतिभा पहिचान तथा प्रोत्साहान कार्यक्रम | सिर्जनशीलता वृद्धिका साथै अध्ययनको प्रभावकारित बढाउने | २०७८÷७९ देखी २०८०÷८१ | | नीति तथा कार्यक्रमको प्राथमिकता | बिद्यार्थी प्रतिभा प्रोत्साहित हुनेछन। |
| १.९ | शिक्षा क्षेत्र सालबसाली कार्यक्रम | शैक्षिक सेवा सुचारु गर्ने | सालवसाली | | ससर्त अनुदान कार्यक्रम समेत | विद्यालय व्यवस्थित रुपमा संचालन हुनेछन् । |
| २. | जनस्वास्थ्य तथा पोषण | | | | | |
| २.१ | स्वास्थ्य संस्था सुद्दढिकरण तथास्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | स्वास्थ्य सेवालाई व्यवस्थित तथा सहज बनाउन | निरन्तर | | नीति तथा कार्यक्रमको प्राथमिकता | गाउँको आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु निर्माण हुनेछन् । |
| २.२ | स्वास्थ्य सेवा प्रवद्र्धन कार्यक्रम | स्वास्थ्य सेवा दिगो, सुपथ र सहँज बनाउन | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | गाउँवासीलाइ स्वास्थ्य सेवा लिन सहँज हुनेछ । |
| २.३ | पोषण सुधार कार्यक्रम | मातृ तथा नवजात स्वास्थ्य सुधार गर्न | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | गाउँमा २५ प्रतिशतले पोषणमा सुधार भएको हुनेछ । |
| २.४ | स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | व्यवस्थित तथा सुलभ सेवा प्रवाह गर्न | २०७८/०७९देखी२०८०/८१ | | आवधिक याजनाको प्राथमिकता | सवै स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन भएको हुनेछ । |
| २.५ | लक्षित वर्ग स्वास्थ्य सेवा कार्यक्रम | स्वास्थ्य सेवामा सवैको सहज पहुँच बृद्धि गर्न | सालवसाली | | आवधिक याजनाको प्राथमिकता | सवै वडामा विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन हुनेछ । |
| २.६ | मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | मातृ स्वास्थ्य सुधार गर्न | सालवसाली | | राष्ट्रिय, प्रदेश र गाउँपालिकाको नीति | सुरक्षित मातृत्व र पोषण सेवा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| २.७ | स्वास्थ्य विमा प्रवद्र्धन | जडिबुटीको प्रयोग बढाउने | सालवसाली | | गाउँपालिकाको नीति | ८० प्रतिशत नागरिकले स्वास्थ्य बिमा गरेका हुनेछन् |
| २.८ | बाल स्वास्थ्य सुधार कार्यक्रम | परिवार नियोजनको साधन प्रयोगमा बृद्धि गर्न | सालवसाली | | गाउँपालिकाको नीति | सवै वडामा सञ्चालन हुनेछन् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.९ | स्वास्थ्य सेवासँग सम्बन्धित बिबिध सालवसाली कार्यक्रम सशर्त समेत | सवै प्रकारको स्वास्थ्य सेवा उपलब्ध गराउन | सालवसाली | | राष्ट्रिय, प्रदेश र गा.पाको नीति तथा कार्यक्रम | स्वास्थ्य सेवा सहज र गुणस्तरीय भएको हुनेछ। |
| ३ | खानेपानी तथा सरसफाई | | | | | |
| ३.१ | खानेपानी आयोजना मर्मत तथासुधार कार्यक्रम | सुरक्षित खानेपानी सुविधा सहज उपलब्ध गराउने | सालबसाली | | राष्ट्रिय, प्रदेश र गा.पा.को नीति तथा कार्यक्रम | मौजुदा साना तथा ठूला आयोजनाको मर्मत सुधार भई सूचारु र दिगो हुनेछन् । । |
| ३.२ | सार्वजनिक शौचालय निर्माण | पूर्ण सरसफाई र खुला दिशामुक्त क्षेत्र निरन्तरता कायम राख्ने | निरन्तर | | गाउँपालिकाको नीति तथा कार्यक्रम | थप सार्वजनिक शौचालय निर्माण भई संचालन हुनेछ |
| ३.३ | खानेपानी गुणस्तर परिक्षण तथा सुधार | स्वच्छ खानपानीको व्यवस्था गर्ने | सालवसाली | | राष्ट्रिय, प्रदेश र गा.पा.को नीति तथा कार्यक्रम | घरपरिवारमा पानीको स्वक्ष खानेपानीको सहज रुपमा उपलब्ध हुनेछ । |
| ३.४ | सरसफाई सचेतना कार्यक्रम | स्वच्छता र स्वच्छ व्यवहारको अभिबृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | बार्षिक रुपमा समुदायको स्वस्फुर्त सहभागितामा कार्यक्रम संचालन हुनेछ |
| ३.५ | फोहोरमैला व्यवस्थापन | फोहोर विसर्जन परिमाण घटाउने र व्यवस्थापन सहज बनाउने | सालवसाली | | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवारलाई उपयुक्त प्रविधि हस्तान्तरण हुनेछ । |
| ३.६ | सालवसाली कार्यक्रम सशर्त समेत | निरन्तर कार्यक्रम | सालवसाली | | गाउँपालिकाको नीति तथा कार्यक्रमक | प्रत्येक वर्ष सञ्चालन हुनेछ । |
| ४. | महिला, वालबालिका तथा सामाजिक समावेशीकरण | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4.1 | लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (सिमान्तिकृत समुदायका नागरिक) | स्थानीय स्तरमा रोजगार सृजना गरी आय आर्जन वृद्धि गने | सालवसाली | | राष्ट्रिय, प्रदेश र गा.पा.को नीति तथा कार्यक्रम | विभिन्न स्वरोजगार र आयमूलक कार्यक्रमबाट लक्षित वर्ग तथा समुदायका व्यक्तिहरु लाभान्वित हुनेछन् |
| 4.२ | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | सवै प्रकारका हिंसाको अन्त्य गर्न | सालवसाली | | नीति तथा कार्यक्रम | |
| 4.३ | लक्षित बर्ग केन्द्रित बिभिन्न बार्षिक कार्यक्रम | भेदभावको अन्त्य गर्न र लक्षित बर्गको सशक्तिकरण गर्ने | सालवसाली | | राष्ट्रिय, प्रदेश र गा.पा.को नीति तथा कार्यक्रम | गाउँमा सवै प्रकारका भेदभावमा कमि आहेको हुनेछ । |
| 4.४ | बालमैत्री गाउँ कार्यक्रम | बाल विकास लगायत वाल अधिकारको संरक्षण र सम्बद्र्धन गर्ने | सालवसाली | | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | बाल विकास केन्द्र, बाल कक्षा तथा शिक्षण र मनोरञ्जनका क्रियाकलाप व्यवस्थित हुनेछन् । |
| 4.५ | लक्षित वर्ग सञ्जाल परिचालन | लक्षित वर्ग लक्षित सामुदायिक, सहकारी भवन, चौतारी आदी निर्माण गर्ने | सालवसाली | | प्रदेश र गाउँपालिकाको नीति तथा कार्यक्रम | बार्षिक २ वटाका दरले भवन, चौतारी, केन्द्र वा पुस्तकालय निर्माण भई संचालन हुनेछन । |
| 4.६ | सामाजिक सुरक्षा कार्यक्रम संचालन | निरन्तर कार्यक्रम सञ्चालन गर्न | सालवसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | लक्षित वर्ग लाभाविन्त हुनेछन् । |
| 5. | युवा तथा खेलकुद | | | | | |
| 5.1 | युवा रोजगार प्रवद्र्धन कार्यक्रम | युवा रोजगारी सृजना गर्ने | सालवसाली | | राष्ट्रिय, प्रदेश र गा.पा.को नीति तथा कार्यक्रम | करिब१५०० युवाहरु स्वरोजगारहुनेछन्।प्रधानमन्त्री रोजगार कार्यक्रम समेत |
| 5.2 | खेलकुद पूर्वाधार विकास कार्यक्रम | खेलकुद विकास गर्न | सालवसाली | | नीति तथा कार्यक्रमको | खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | प्राथमिकता | |
| 5.3 | खेलाडीउत्प्रेरणा तथा प्रतिभा प्रवद्र्धन कार्यक्रम | खेलकुद प्रबद्धन गर्न | सालवसाली | | नीति तथा कार्यक्रम् | खेलकुद आयोजना हुनेछ । |
| 6. | संस्कृति, भाषा, कला तथा साहित्य | | | | | |
| 6.1 | सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण, प्रबर्धन तथा पहिचान | सम्पदाहरुको संरक्षण गर्ने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | विद्यमान साँस्कृतिक धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, विकास, पहिचान, अध्ययन रअभिलेखन हुनेछ । |

## ४.९ जोखिम पक्ष तथा अनुगमन

शैक्षिक संस्थाहरुमा आबश्यक पर्याप्त भौतिक पूर्वाधार विकास र दक्ष जनशक्तिको उपलब्धता सहित गुणस्तरीय, प्रबिधिमैत्री, रोजगारमुलक, जिवनउपयोगी, प्रतिष्पर्धी सिक्षा प्रणाली विकास गर्नु आजको मुख्य चुनौती रहेको छ।आधारभूततथागुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय रक्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन।बढ्दो अव्यवस्थित शहरीकरणका कारण एकातिर सरूवा रोगको नियन्त्रणमा चुनौती रहेको छ भने बद्लिदो खानपान र जीवनशैलीका कारण नसर्ने रोगको भार बढदो छ। साथै जलवायु परिर्वतनका कारण नयाँ रोग तथा प्राकृतिक प्रकोपका कारण स्वास्थ्य प्रणालीमा ठूलो चुनौती थपिएको छ।

कोभिड १९ विश्वव्यापी महामारीले स्वास्थ्य क्षेत्रमा ठूलो चूनौति ल्याएको र मानवीय, आर्थिक र सामाजिक क्षति पुगेको छ।विद्यमान स्वास्थ्य सेवा प्रणाली कोभिड १९ लगायत अन्य माहामारी र अन्य स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था देखिएको छ।माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ।तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

# परिच्छेद - ५
# पूर्वाधार विकास

## ५.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाहसुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक–सामाजिकविकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ।गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई गाउँ विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः आवास, बस्ती तथा शहरी विकास, सडक तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ ।

## ५.२ विद्यमान अवस्था, संभावना तथा अवसर

स्थानीय सरकार गठन संगै गाउँपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ ।सडक तथानाली, पेटी निर्माण, विद्युतीकरण जस्ता पूर्वाधार तथा संरचना निर्माण भैरहेका छन् । गाउँपालिकामा बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को मापदण्डमा आधारित भई गाउँपालिकाले योजना तथा भवन निर्माण मापदण्ड तयार गरी स्विकृत गरेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ ।

राष्ट्रिय भूउपयोग नीति २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमाजिम गाउँपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको बिचमा ग्रीन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्रको खाका गर्न जरुरी देखिएको छ।यसको आधारमा भूउपयोग योजना र सो को आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरु कार्यान्वयन गर्नु पर्ने देखिएको छ।गाउँपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैला सुरक्षित व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण गर्न प्रस्ताव गरिएको छ।

गाउँपालिकामास्थानीय बस पार्क तथा सुविधा सम्पन्न पार्किङस्थल निर्माण र सञ्चालनको आवश्कता देखिएको छ। यस गाउँपालिकामा बसोबास गर्ने कुल ३७९३घरपरिवार मध्ये १४३पक्की, २७३ अर्धकच्ची र बाँकी घर कच्ची रहेको देखिन्छ । कुल घरपरिवार मध्ये ९७.९६ प्रतिशतको परिवार आफ्नै घर भएको बाँकी १.०४ प्रतिशत भाडामा बसोबास गरेको स्थिति पत्रमा उल्लिखित तथ्याङ्कले देखाएको छ ।

कालिगण्डकी गाउँपालिका नेपालको रणनीतिकपर्यटकीय, र व्यापारिक केन्द्रको विकासोन्मुख रहेको छ।यस गाउँ क्षेत्रका सबै वडा र बस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ।गाउँपालिकाको लगभग ९६प्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ ।गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरुमासोलार तथा बिधुतिय स्ट्रीट लाइट रहेको छ ।गाउँपालिकाको बिभिन्न क्षेत्रमा सडक बत्ती जडान गरिएको छ । एलपि ग्यास, वायोग्यास, विद्युत हिटर समेत खाना पकाउन स्वच्छ उर्जा प्रयोग गर्ने गरेकोगाउँ वस्तस्थिति विवरणबाट देखिन्छ।

गाउँपालिकाको लगभग सबै क्षेत्र सूचना तथा संचारमा सुविधाको पहुँचको रहेको देखिन्छ । गाउँपालिकाको कुल जनसंख्या मध्ये १२१२० जना जनसंख्यासँग मोवाइल फोन उपलब्ध रहेको देखिन्छ ।गाउँपालिका क्षेत्र भित्र कार्यपालिका कार्यालय, सबै वडा कार्यालयहरु, माद्यामिक विद्यालय अस्पताल, स्वास्थ्य चौकीहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । गाउँपालिकामा वेवसाइट, मोबाइल एप्स् र

विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । गाउँपालिकाको वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन र राष्ट्रियस्तरका संचार माध्यममार्फत समेत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

## ५.३ समस्या र चुनौति

गाउँपालिकाको क्षेत्रमाव्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माणमा चूनौति रहेको छ ।यस गाउँपालिका क्षेत्रमा भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यवसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन । गाउँ क्षेत्रमा व्यवस्थित पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन ।

गाउँपालिकाको ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ । गाउँपालिकामा दमकल र एम्बुलेन्स, विपदको समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सरसामग्रीको कमी रहेको देखिन्छ ।गाउँपालिका क्षेत्रमा सडक मापदण्ड लागू हुन नसक्दा मुख्य सडक बाहेक धेरैजसो भित्रिसडकहरु साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण हुन सकेको छैन भनेसडकको दायावायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ।

गाउँपालिकामा रहेकोग्राभेल र कच्ची सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्टी रहेको र आवश्यक स्थानहरुमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ।सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन।वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ।सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन ।

वायोग्यास, सुधारिएको चुल्हो तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ।ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ । गाउँपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । गाउँ क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य गाउँ विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ ।

## ५.४ अवसर

यस गाउँपालिका क्षेत्र कृषि तथा औधोगिक पूर्वाधार विकासको प्रचुर सम्भाबना रहेको छ । यस गाउँपालिका क्षेत्रमा पूर्वाधार विकास कार्य तिब्र रुपमा अगाडी बढाउन स्रोतको ब्यापक परिचालन मार्फतस्थानीय रोजगारी अभिवृद्धि गर्न सकिने अवसर व्याप्त छ।गाउँपालिकलाई लुम्बिनी प्रदेशकैकरिडोर शहरको रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।

## ५.५ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ५.५.१ दीर्घकालीन सोच

- वातावरणमैत्री पूर्वाधारयुक्त, व्यवस्थित, र सहजग्रामिणशहरको विकास

### ५.५.२ लक्ष्य

- बसोबास, औद्योगिक र शहरी सुविधा तथा अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने

### ५.५.३ उद्देश्य

गाउँपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- वातावरणमैत्री र व्यवस्थित बस्ती, सुरक्षित आवास र औद्योगिक तथा पर्यटकीय सुविधामा अभिवृद्धि गर्नु,
- सुरक्षित र ब्यबस्थित यातायात, हरित सडक पूर्वाधार र सुविधायुक्त बजार सुविधाको विकास र विस्तार गर्नु,
- नियमितविद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु र
- सूचना तथा संचार सुबिधाको दिगो र विश्वसनीय उपभोगमा अभिवृद्धि गर्नु ।

### ५.५.४ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

**उद्देश्य १ सँग सम्बन्धित**

१.दिगो र ब्यबस्थित हरितपूर्वाधार विकास आयोजना प्रभाबकारीरुपमासञ्चालन गर्ने ।

२. वडा कार्यालयलाई सेवा प्रवाह केन्दको रुपमाविकास गर्ने ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गर्ने ।

४. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने।

५. गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने।

**उद्देश्य २ सँग सम्बन्धित**

१. वाताबरणमैत्री र सुरक्षा मापदण्ड सहितको सडक पूर्वाधार सुविधामा पहुँच बृद्धि गर्ने
२. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने
३. समग्रसेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय, वातावरणमैत्री र उत्थानशिल पूर्वाधारको विकास र विस्तार गर्ने ।

**उद्देश्य ३ सँग सम्बन्धित**

१. विद्युत लाइन तथा क्षमता र गुणस्तर वृद्धि गर्ने
२. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने

**उद्देश्य ४ सँग सम्बन्धित**

१. इन्टरनेट तथा टेलिफोन सेवाको पहुँच र गुणस्तर अभिबृद्धि गर्ने
२. विद्युतीय सुशासनको प्रवद्र्धन गर्ने
३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउने

## ५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

पूर्वाधार क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.१पूर्वाधार विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य(*स्रोत: गाउँपालिकाको पार्श्वचित्र तथा बार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको*)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| भौतिक पूवाधार विकास | | | | | |
| सडक कि.मी. | कि.मि. | १62 | १७५ | १८० | १९० |
| १२महिना यातायात सुचारु सडक | कि.मि | 22 | 25 | 29 | 32 |

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| | . | | | | |
| पक्की÷सुरक्षित घरमा बसोबास गर्ने परिवार | प्रतिशत | १७ | २१ | २५ | २९ |
| स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | 45 | 46 | 47 | 48 |
| आवास, बस्ती तथा शहरी विकास | | | | | |
| आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | 1 | 2 | 2 | 2 |
| सुरक्षित बस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ३0 | ३२ | ३7 | ३7 |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | 120 | 152 | 175 | 200 |
| भूकम्प प्रतिरोधी प्रविधि भएका सार्वजनिक भवन र संरचना | संख्या | 50 | 55 | 64 | 70 |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | 10 | 15 | 20 | 30 |
| सडक तथा यातायात | | | | | |
| पक्की सडक | कि.मि. | ० | ० | ५ | 8 |
| ग्राभेल सडक | कि.मि. | ३5 | ४0 | ४5 | ५0 |
| पक्की पुल | संख्या | 2 | 3 | 3 | 4 |
| नियमित मर्मत संभार भएको सडक | संख्या | 10 | 12 | 14 | 17 |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | 0 | 0 | 0 | 0 |
| सूचना तथा संचार प्रविधि | | | | | |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | 38 | 42 | 55 | 60 |
| स्थानीय स्तरका प्रकाशन र प्रसारण | संख्या | ३ | ४ | 6 | 8 |
| ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | 24 | 26 | 30 | 32 |

## ५.७ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

पूर्वाधार विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३.२ पूर्वाधार विकास क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | खर्चको स्रोत (रु. हजारमा) |
|---|---|---|

## कालिगण्डकी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०७८/७९-०८०/८१)

| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य स्रोत |
|---|---|---|---|---|---|---|---|
| २०७८÷७९ | १०५००० | ७३५० | ९७६५० | ० | ९४५०० | १०५०० | |
| २०७९÷८० | १११३०० | ८९०४ | १०२३९६ | ० | १००१७० | १११३० | |
| २०८०÷८१ | १२३८५६ | ८६७० | ११५१८६ | ० | १११४७० | १२३८६ | |
| जम्मा | ३४०१५६ | २४९२४ | ३१५२३२ | ० | ३०६१४० | ३४०१६ | |

***स्रोत: आर्थिक प्रशासन शाखा***

## ५.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पूर्वाधार विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

tflnsf $=^पूर्वाधार विकासsfo{qmd÷cfof]hgfsf] ;+llfKt ljj/0f *(आर्थिक बर्ष ०७७/७८ र ०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा रहेको क्रियाकलापलाई समुहिकृत गरी तयार पारिएको छ)*

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रुहजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1. | वस्ती, आवास र शहरी विकास | | | | | |
| 1.१ | स्थानीय बसपार्क तथा पार्किङस्थल मर्मत, निर्माण, स्तरोन्नति र सञ्चालन | बढ्दै गएको सवारी साधनको पाकिङ्ग व्यवस्थित गर्ने | सालवसाली | | जग्गाको उपलब्धता र संभाव्यताको आधारमा निर्माण गर्ने | गाउँपालिकाको मुख्य केन्द्रमाव्यवस्थित पार्किङ स्थल निर्माण भई संचालनमा आउने |
| 1.२ | फोहोरमैलाप्रशोधन तथा व्यवस्थापन | बसोबास विस्तार, सुरक्षित र व्यवस्थित बनाउने | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण हुनेछ । |
| 1.३ | सबै वडा कार्यालय भवन निर्माण | व्यवस्थित र सहज सेवा प्रबाह गर्न | २०७८÷७९–२०८०÷८१ | | गाउँपालिकाको प्राथमिकता | सवै वडा कार्यलयको आफ्नैआधुनिकभवन नर्माण हुनेछन्। |
| 1.४ | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर लगायत प्राबिधिक क्षमता विकास तालिम सञ्चालन | रोजगारी सिर्जना र बलियो भवन निर्माणलाई प्रवर्धन गर्ने | सालवसाली | | मागको आधारमा संचालन गर्ने | कर्मचारी तथा स्थानीय इच्छुकयुवालाई दक्ष बनाउने । |
| 2. | सडक, पुल तथा यातायात | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | पक्की सडक निर्माण | भौतिक अवस्था र आवागमन व्यवस्थित गर्ने | निरन्तर | | प्राथमिकता बमोजिम निर्माण गर्ने | गाउँ स्तरीय सडक १० कि.मि पक्की निर्माण गर्ने |
| २.२ | संरचना सहित ग्राभेल सडक निर्माण (३० कि.मि. थप गर्ने) | ग्रामीण वस्ती र उत्पादन र यातायातलाई सहज र ्व्यवस्थित बनाउने | निरन्तर | | प्राथमिकता र डिपिआर बमोजिम | प्राथमिकताको आधारमा ३० कि.मि. सडकमापदण्ड अनुसार पूर्वाधार निर्माण गरी स्तरोन्नति भएको हुनेछ । |
| २.३ | नयाँ ट्र्याक (सडक) निर्माण | गाउँको सवै स्थानमा सहँज यातायात पुर्याउन | सालबसाली | | प्राथमिकता र डिपिआर बमोजिम | गाउँका विभिन्न स्थानमा नयाँ सडक खोलिने छ |
| २.४ | सडक पक्की पूल तथाकल्भर्ट निर्माण (१२ वटा) | आवागमन सहज र सुलभबनाउने | सालबसाली | | नीति तथा कार्यक्रममा आधारित | मोटरेवल पुल तथाकल्भर्ट निर्माण भई आवागमन सहज हुने |
| ३. | विद्युत तथा स्वच्छ उर्जा | | | | | |
| ३.१ | सडक वत्ती मर्मत, विकास र विस्तार | चोक, बजार र आवास क्षेत्रमासडक बत्ति जडान गर्ने | सालवसाली | | समुदाय र वस्तीको माग र वडाको प्राथमिकता अनुसार | सोलार प्रणालीमा आधारित सडक बत्ती जडान भई चोक, बजार र वस्तीमा उज्यालो कायम हुनेछ । |
| ३.२ | जिर्ण र काठे पोल प्रतिस्र्थापन कार्यक्रम | सम्भावित दुर्घटना न्यूनीकरण गर्ने | सालवसाली | | गाउँको आवश्यता अनुसार | जिर्ण र काठे पोल प्रतिस्र्थापन भएकोहुनेछ । |
| ३.३ | सोलार, वायोग्यास र सुधारिएको चुल्हो जस्ता वैकल्पिक उर्जाको प्रवद्र्धन | स्वच्छ उर्जाको प्रयोग बढाउने | सालवसाली | | वस्ती र वडाको मागको आधारमा | सार्बजनिक कार्यालय तथा घरधुरीमा वायोग्यास, सोलार विद्युतीय चुल्हो, सुधारिएको धुवारहित चुल्हो जडान भई संचालन हुनेछ । |
| ३.४ | कार्यालयमा पावर व्याकअप प्रणाली जडान | सहज तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | कार्यालयमा पावर व्याकअप प्रणाली जडान हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | विद्युतीय सुशासन, सूचना र संचार | | | | | |
| ५.१ | इन्टरनेट र टेलिफोन सेवाकोक्षमता विस्तार | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्ने | सालवसाली | | उपलब्ध पूर्वाधार र सम्बन्धित संस्थाको प्रतिवद्धताको आधारमा | सबैवडा कार्यालय, स्थास्थ्य संस्था र माध्यमिक विधालयमा कप्युटर, प्रिण्टर र इन्टरनेट सूचना प्रणालीमा आधारित सेवा सुचारु हुनेछ । |
| ५.३ | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम | नागरिकमा सुचना प्रवाह गर्न | सालवसाली | | नीति तथा कार्यक्रमको आधारमा | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम सञ्चालन गर्न |

## ५.९ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्रीभौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित नतिजा हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद - ६
# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिकव्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले लिएको मूल उद्धेश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील स्थानीय तह निर्माण गर्दै दीगो विकासमा योगदान पुर्‍याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि मुताबिक बजेट सुनिस्चितता गर्नुपर्ने आबश्यकता रहेको छ । त्रिबर्षीय खर्च संरचनामा वन, वातावरण र विपद व्यवस्थापन विषय क्षेत्रसँग सम्बन्धीत संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ।

## ६.२विद्यमान अवस्था, संभावना र अवसर

बजारीकरणको दृष्टिकोणले गाउँपालिकाको ग्रामीण क्षेत्र अत्यन्त सम्पन्न रहेको छ । नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम किसान तथा उद्यमीले नीजि तथा आवादी जग्गामा वृक्षरोपण गरी हुर्काएका रुखहरु कटान गरी विक्री वितरण गरे वापत गाउँपालिकाले राजस्व बढाउन सक्ने स्थिति समेत देखिन्छ ।वन, जमीन र जलश्रोत लगायत जलाधारका श्रोतको संरक्षण र व्यवस्थापनद्धारा गाउँपालिकामा आर्थिक विकास तथावातावरणीय सन्तुलन कायम गर्न सकिने प्रचुर संभावना रहेको छ।

यस गाउँपालिका क्षेत्रमा रहेको बनको क्षेत्र बिस्तार, संरक्षण, र बैज्ञानिक ब्यबस्थापन गर्नु पर्ने नितान्त जरुरि रहेको छ । गाउँपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको मात्रा बढ्दै गएको देखिन्छ। गाउँपालिकाको मुख्य गरी शहरी क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ।तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिस्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ । यसैगरी अस्पताल र मेडिकल सेवाको वृद्धिसँगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ ।

इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि गाउँपालिकाका अधिकांशघर परिवारले अझैपनि इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग गर्ने गरेको देखिन्छ ।दाउरा प्रयोग गर्ने घर परिवारले सुधारीएको चुलो प्रयोग गर्ने गरेका छन।गाउँपालिकामा नीजि घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको लागि कम्पोष्ट विन, पिट, प्रशोधन केन्द्र, घरभित्र फोहोरमैला व्यवस्थापनको अति न्युन रहेको छ।संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवद्र्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका

छन्।राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना वृद्धि हुँदै गएको छ।

यस गाउँपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये आगलागी,सडक दुर्घटना र बाढीप्रमुख रुपमा देखिएका छन।उपरोक्त विपद जोखिमहरुमा हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को असर मुख्य हुन गएको छ।विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि गाउँपालिकामा गाउँस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ।

विपदमा परेकालाई तत्काल राहत सहयोगका लागि विपद व्यवस्थापन कोष स्थापना गरी सोको परिचालनको लागि कार्यविधि समेत तयार गरिएको छ।साथै गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी नियमित बैठक गर्ने र समितिको काम, कर्तव्य र अधिकारका विषयमा अभिमुखीकरण समेत सञ्चालन गरिएको छ।नेपाल रेडक्रस सोसाइटीको सहयोगमा वडा स्तरीय जोखिम नक्शा तयार गरी सर्वसाधरणका लागि सार्वजनिक गरिएको छ। कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा वृद्धि हुँदै गएको छ।

## ६.३ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्रको वनजङ्गलकोउचित संरक्षण र प्रवद्र्धनको अभावले यथोचित विकास हुन सकेको छैन।बस्ती विकासकोक्रम बढेसँगै गाउँक्षेत्रका विभिन्न ठाँउमा निजी वन फडानी बढदै गएको् छ।वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा प्रतिकार्य योजना समेतको अभाव रहेको छ । वन, जैविक विविधता र जलाधारका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ।

वन क्षेत्रको वैज्ञानिक र वहुँउद्देश्यीय व्यवस्थापन नहुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ। परम्परागत रुपमा घाँस दाउरा र काठ बाहेक वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूकल क्रियाकलाप सञ्चालन गरी यथोचित लाभ लिन सएिको छैन।गाउँपालिकामा संचालित विभिन्न ढुङ्गा खानी तथा क्रसर उघोगले वन विनाशमा सहयोगी भूमिका खेलेको छ।सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ।काठको अवैध तस्करीले वन फडानी बढेको छ।जंगलीजनावरको सिकार र तस्करी बढ्दो रहेको छ ।वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप सञ्चालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

स्थानीय आयोजना संचालनको सन्दर्भमा वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पूर्णपालना हुन सकेको छैन । सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् । विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ ।

## ६.४ अवसर

जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण रहेकोकालिगण्डकी गाउँपालिका क्षेत्रमाकूल भूभागको करिब४१ प्रतिशत भन्दा बढी क्षेत्र वन जङ्गलले ढाकिएको र हरियालीयुक्त क्षेत्र अधिक रहेको यस गाउँपालिकामा पर्यापर्यटन तथा कृषि पर्यटन विकासको प्रचुर संभावना देखिन्छ।

## ६.५ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाका वन तथा जैविक विविधता, भूसंरक्षण र जलाधार व्यवस्थापन, वातावरण र फोहोरमैला व्यवस्थापन तथा कोभिड १९ र विपद व्यवस्थापन लगायत स्थानीय तहको लागि उपलब्ध वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ६.५.१ सोच

- सन्तुलिततथास्वच्छवातावरणयुक्तउत्थानशीलगाउँकोस्थापना

### ६.५.२ लक्ष्य

- वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र विपद उत्थानशिलता प्रवद्र्धन गर्नु ।

### ६.५.३ उद्देश्य

गाउँपालिकाका वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- वन, हरियाली र जैविक विविधताको दिगो व्यवस्थापनमा गर्नु,
- जल, जमीन र जलाधारको दिगो संरक्षण तथा उपयोगमा वृद्धि गर्नु,
- पर्यावरणीय सन्तुलन, सुन्दरता र वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्नु, र
- विपद् जोखिम तथा विपद्जन्य क्षति नोक्सानीको दर न्यूनीकरण गर्नु,

### ६.५.४ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ हासिल गर्न केन्द्रित रहीवन, वाताबरण तथा विपद ब्यबस्थापन क्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

**उद्देश्य १ सँग सम्बन्धित**

- वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने
- वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने
- वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने

**उद्देश्य २ सँग सम्बन्धित**

- जलाधार व्यवस्थापन योजना अनुसार भिरालोपनाको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्ने ।
- सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू–संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने

**उद्देश्य ३ सँग सम्बन्धित**

- वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने
- सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने
- विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन
- सम्बन्धी व्यवस्था नियमपालनामा अभिबृद्धि गर्ने

**उद्देश्य ४ सँग सम्बन्धित**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका अवधारणालाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने
- विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने
- जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।

## ६.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण तथा विपद व्यवस्थापना क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.१ वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (*स्रोत: गाउँपालिकाको पार्श्वचित्र तथा बार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको*)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| वन तथा जैविक विविधता | | | | | |
| वनबाट गाउँपालिकामा प्राप्त रोयल्टी | रु.हजारम | 0 | ० | ० | ० |
| रुख विरुवाले ढाकेको÷हरियाली क्षेत्र | हेक्टर | ४१ | ४१.५ | ४२ | ४२.२ |
| संरक्षित क्षेत्र | संख्या | १ | १ | १ | १ |
| विपद् प्रभावित घरपरिवार (२०७७÷७८) | संख्या | ७७ | ६० | ५० | 40 |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | २५ | २३ | २० | १९ |
| वनमा आधारित उद्यमबाट रोजगार जना | संख्या | ४० | ४५ | ५० | ५८ |
| वनमा आधारित उद्योग व्यवसाय | संख्या | ४ | ५ | ६ | ८ |
| सामुदायिक वन | संख्या | २२ | २३ | २५ | २८ |
| वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | 200 | 267 | 300 | 315 |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | ५ | ६ | ८ | १० |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | | | | |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए÷ नभएको | नभएको | नभएको | भएको | भएको |

| विपद व्यवस्थापन | | | | | |
|---|---|---|---|---|---|
| विपदवाट भएको बार्षिकक्षति | रु.करोड | ४.२० | ३.५० | २.९० | २ |
| तालिम प्राप्त स्थानीय खोज उद्वार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ..... | ... | .... | ... |
| विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु.हजार | .... | ..... | ....... | ..... |

## ६.७ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६.२ वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खर्च तथा स्रोत (रकम रु. हजारमा)

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु. हजारमा) | | | खर्चको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य |
| २०७८÷७९ | ११४९९ | ६८९९ | ४६०० | ५७५ | ९१९९ | १७२५ | |
| २०७९÷८० | १२१८९ | ७९२३ | ४२६६ | ६०९ | ९७५१ | १८२८ | |
| २०८०÷८१ | १३१६४ | ७८९८ | ५२६६ | ६५८ | १०५३१ | १९७५ | |
| जम्मा | ३६८५२ | २२७२० | १४१३२ | १८४३ | २९४८२ | ५५२८ | |

***स्रोत: आर्थिक प्रशासन शाखा***

## ६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुखकार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६.३ वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण** *(आर्थिक बर्ष ०७७/७८ र ०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा रहेको क्रियाकलापलाई समुहिकृत गरी तयार पारिएको छ)*

| क्र.सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| != | वन, हरियाली र जैविक विविधता | | | | | |
| 1.1 | जडीबुटी व्यवसायिक खेती प्रवद्र्धन र प्रशोधन | गैह्रकाण्ठ वन पैदावरको उत्पादन वृद्धि र आयआर्जन गर्ने | सालबसाली | | नेपाल सरकारको वन क्षेत्रको प्राथमिकता प्राप्त कार्यक्रम | जडिबुटीको प्राकृतिक व्यवस्थापन खेती हुने र गैह्रकाष्ठ वन पैदावरमा आधारित उद्योग स्थापना हुनेछ । |
| 1.2 | हरियाली प्रवद्र्धन र वृक्षारोपाण कार्यक्रम | हरियाली क्षेत्रको विकास र विस्तार गर्ने | सालबसाली | | प्राथमिकताको क्षेत्र | सार्वजनिक, नीजि र संस्थागत रुपमा ग्रामिण तथा शहरी क्षेत्रमा हरियालीको विकास हुनेछ । |
| 1.३ | वन पैदावार चोरी निकासी नियन्त्रण अभियान | जैविक विविधता, वातावरण संरक्षण र विपद व्यवस्थापन शिक्षा प्रदान गर्ने | सालबसाली | | प्राथमिकताको क्षेत्र | वन, समूह, इको क्लब, सामुदायिक संस्था र टोल विकास संस्थामार्फत संचालन गर्ने |
| 1.४ | वन व्यवस्थापन कार्यविधि | वन व्यवस्थापन तथा संरक्षण गर्ने | सालबसाली | | प्राथमिकताको क्षेत्र | वन व्यवस्थापन कार्यविधि निर्माण गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| @= | भूसंरक्षण र जलाधारका व्यवस्थापन | | सालबसाली | | | |
| २.१ | नदी, खोला खोल्सा नियन्त्रण तथा प्राकृतिक पोखरी एबं ताल तलैया संरक्षण कार्यक्रम | बाढी र कटान लगायतका प्रकोपको जोखिम न्यूनीकरण गरी उर्वराशक्ती र विकासका पूर्वाधारको संरक्षण गर्ने | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | प्राकृतिक जल पुनर्भरण पोखरी, ताल तलैया निर्माण तथा संरक्षण हुने , खोला, खहरे र गल्छी नियन्त्रण हुने र क्षतिग्रस्त भूमी पुनरुत्थान हुनेछ |
| २.२ | पहिरो नियन्त्रण र व्यवस्थापन | विपद् व्यवस्थापन गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | गाउँको जोखिम व्यवस्थापन हुनेछ । |
| २.३ | विकासका पूर्वाधार संरक्षण | विकासका पूर्वाधारलाई दीगो र व्यवस्थित बनाउने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | सडक, पुल, कुलो, बाँध तथा भवन लगायतका विकासका पूर्वाधारको दीगो संरक्षण र संचालन हुनेछ । |
| २.४ | भू–उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन | जमीनको क्षमता, उपयोग र विकासको आवश्यकता अनुसार जमीनको समोचित व्यवस्थापन र व्यवस्थित विकासको आधार तयार गर्ने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | निर्धारित भूउपयोगको क्षेत्र अनुसार भूमिको उपयोग र स्वरुपको र व्यवस्थापन हुनेछ । |
| २.५ | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन (जमिनमा समेत) | पानीको संरक्षण तथा व्यवस्थापन गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन सुरुवात हुनेछ । |
| #= | वातावरण व्यवस्थापन | | | | | |
| ३.१ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा ब्यबस्थापन कार्यक्रम | गाउँ क्षेत्र विसर्जन हुने फोहोर मैलाको वर्गीकरण, पुनप्रयोग, संकलन, भण्डारण, प्रशोधन र | २०७८÷७९–२०८०÷८१ | | गाउँपालिकाको प्राथमिकताको आयोजना | फोहोरमैला वर्गीकरण, पुनप्रयोग, संकलन र भण्डारण, प्रशोधन र विसर्जनको व्यवस्था हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२ | वरपिपल, समी, लागायत बढी अक्सिजन उत्सर्जन गर्ने बिरुवा रोपण, पार्क तथा उद्यानको निमाण कार्यक्रम | गाउँमा हरियाली प्रबद्धन गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | वरपिपल, समी, लागायत बृक्षा रोपण तथा पार्क निर्माण, संरक्षण र स्तरोन्नति कार्यक्रम सञ्चालन हुनेछ । |
| ३.३ | आयोजनाको वातावरणीय अध्ययन | वातारण अनुकलन वनाउन | सालबसाली | | प्राथमिकता | वातावरणीय अध्ययन प्रतिवेदन तयार हुनेछ |
| ३.४ | विद्यालयस्तरमा वातावरण, जलवायु, फोहोरमैला व्यवस्थापनसम्बन्धी सचेतीकरण | कार्यालयमा सरसफाई र वातावरण सुधार सम्बन्धी नमूना प्रस्तुत गर्ने | सालबसाली | | राष्ट्रिय प्राथमिकता | विद्यालय लगायतसार्वजनिक कार्यालयमा व्यवस्थित वगैचानिर्माण र स्वस्थ वातावरण सम्वन्धी जनाचेतनाकार्यक्रम सञ्चालन हुनेछन् |
| ३.५ | समुदायस्तरमा वातावरण प्रवद्र्धन कार्यक्रमलाई सहयोग | हरियाली, वातावरणीय सेवा र प्रर्यटन प्रवद्र्धन गर्ने | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | गाउँ क्षेत्रमा १ वोटानिकल गार्डेन समेत पार्क र होमस्टे स्थापना हुनेछ । |
| ३.६ | वन तथा वातावरण संरक्षण र प्रबर्धन सम्बन्धि सशर्त सहितका सालबसाली कार्यक्रम | निरन्तर कार्यक्रम सञ्चालन गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | वन क्षेत्र विकास र वाताबरण संरक्षणमा प्रतक्ष्य सहयोग पुग्नेछ । |
| ४. | विपद् व्यवस्थापन | | | | | |
| ४.१ | गाउँ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | गाउँपालिकाको कोभिड १९ समेत अन्य विपदको व्यवस्थापन र जलवायु उत्थानशिलतामा बृद्धि गर्ने | निरन्तर | | | कोभिड १९ समेत विपदको जोखिम तथा क्षमता विश्लेषण समेत विपद रोकथाम, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभ र जलवायु उत्थानशिल सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र लगानी योजना तयार हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4.2 | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथासचेतना कार्यक्रम सञ्चालन | विपद व्यवस्थापनमा वडा र समुदायको क्षमता विकास र उत्थानशिलता बृद्धि गर्ने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | सबैवडामा समुदायलाई लक्षित गरी विपदन्यूनीकरण, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन हुनेछ। |
| 4.3 | महामारी, बाढी, पहिरो, आगलागीबाट हुने जोखिम क्षेत्र, पहिचान, नक्सांकन र पूर्व तयारी तथा प्रतिकार्य | गाउँ क्षेत्रका प्रमुख विपदहरुको जोखिम पहिचान, नक्शाकंन गरी जोखिम न्यूनीकरणको लागि पूर्व तयार गर्ने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | कोभिड १९ लगायत गाउँ क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान र नक्शाकंन गरी पूव तयारी कार्ययोजना तयार हुनेछ। |
| 4.४ | आपत्कालीन सामग्री भण्डारण तथा गोदाम घर निर्माण | विपद उद्धार तथा राहत सामग्री व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउने | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | गाउँपालिकामा विपद ब्यबस्थापनको लागि आवश्यक सामाग्रीको भण्डारण र सहज आपूर्तीको व्यवस्था हुने |
| 4.५ | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन | विपद् व्यवस्थापनमा सहज गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन हुनेछ। |
| 4.६ | वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम | जंगलि जनावरको व्यवस्थापन गर्न | सालबसाली | | गाउँपालिकाको प्राथमिकता | वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम |
| 4.७ | विपद व्यस्थास्थापन कोष वृद्धि तथा सञ्चालन | विपदको प्रतिकार्य र राहतमा वृद्धि गर्ने | सालबसाली | | गाउँपालिकाकोप्राथमिकता | स्थानीयविपद व्यवस्थापन कोष संचालनहुनेछ । |

## ६.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

# परिच्छेद - ७
# सुशासन तथा संस्थागत विकास

## ७.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन् ।

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ । अबका दिनमा गाउँपालिकालेसगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

## ७.२ विद्यमान स्थिति तथा संभावना

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ९ मा रहेका साझा अधिकार सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत कार्य बिस्तृतिकरण समेतको आधारमा स्थानीय तहको काम, कर्तब्य र अधिकार कार्यान्वयनका लागि गाउँपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न ऐन, नियम,कार्यविधि,निर्देशिकारमापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन।संविधान तथा प्रचलित कानून अनुसार न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन् । साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

हाल गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि कार्य प्रक्रिया अगाडी बढी रहेको छ। यसैगरी वडावाट हुने सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ ।एकीकृत सेवा सहितको गाउँ कार्यपालिका, वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ।कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ।संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रसँग सम्बन्धित कर्मचारी कार्यरत रहेका छन तर दरबन्दी अनुरुप कर्मचारी पदपूर्ति हुन सकेको छैन।

गाउँपालिकाको बिशिस्टता,आवश्यकता, प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न बिभिन्न क्षेत्रगत गुरुयोजना, तथा योजना तर्जुमा चरणमा रहेका छन् भने गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । आवधिक योजना निर्माणको लागि तयारी गरिएको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियमा जनसहभागिता सुनिस्चित हुने गरी टोल एवं बस्तीस्तरबाटै सहभागितामूलक योजना छनौट प्रक्रियाको अभ्यास भैरहेको छ ।गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित

आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ।

स्थानीयराजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहाल विटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार कर तथा गैरकर राजश्व संकलन हुदै आएको छ ।

## ७.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत –साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुन सकिरहेको छैन । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्र अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी कमजोर रहेको छ ।संस्थागत संरचना, मानव श्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ।गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार तथा वृत्ती विकास व्यवस्था लागू हुन सकेको छैन।

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार प्राबिधिक,प्रशासनिक तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ।कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु सञ्चालनको लागि भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ।गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण, मध्यमकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी रहेको छ ।गाउँपालिकाको आन्तरिक आय न्यून हुँदा विकासमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्था रहेको छ।

## ७.४ अवसर

संघीय संरचना अनुसार लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्ला र नेपालकै प्रमुख पर्यटकीय गन्तब्य लुम्बिनीको नजिक अवस्थित रुरु क्षेत्र र सोको नजिक रहेको यस गाउँपालिकामा बसोबास, औद्योगिक तथा पर्यटन विकास, कृषि तथा जैविक विविधता जस्ता अवसरहरु उपलब्ध रहेका छन।स्थानीय सरकार मार्फत नागरिकहरुको शासन प्रक्रियामा पहुँच वृद्धि भएको छ।गाउँपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ।गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ।गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र गाउँपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा

नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र तदारुपता पनि क्रमशः बढदै गएको छ।

## ७.५ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय तहको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ७.५.१ सोच

- सवल, जनमैत्री, र सुशासनयुक्तगाउँ सरकारको स्थापना

### ७.५.२ लक्ष्य

- सार्बजनिक सेवा प्रबाह, विकास ब्यबस्थापन, सुशासन प्रबर्धन, लाभको न्यायिक वितरण र जवाफदेहितामा गुणात्मक वृद्धि गर्नु

### ७.५.३ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- स्थानीय शासन तथा विकास नीति, कार्यक्रमसञ्चालन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,
- स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु
- आन्तरिक तथा वाह्य श्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,
- शहरी योजना तथा विकास ब्यबस्थापनप्रणाली सूचना प्रविधिमा आधारित बनाउने,

**७.५.४ विषयगत रणनीति**

सुशासन तथा संस्थागत विकास क्षेत्रमा देहायअनुसारका रणनीतिहरु अबलम्बन गरिनेछ ।

**उद्देश्य १ सँग सम्बन्धित**

- सुशासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सार्बजनिकसेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने
- नीति, कानून तथा निर्णय प्रक्रियामा सिमान्तिकृत एबं लक्षित समुदाय तथा आम नागरिकको अपनत्व बृद्धि गर्ने

**उद्देश्य २ सँग सम्बन्धित**

- सार्बजनिकसेवा प्रवाहलाई गुणस्तरीय, प्रबिधिमैत्री, सरल, सहज र सेवाग्राहीमैत्री बनाउने
- गाउँ कार्यपालिका तथा वडा कार्यालयमा कार्यरतकर्मचारीतथासंगठनको क्षमता बृधि गर्ने,

**उद्देश्य ३ सँग सम्बन्धित**

- राजस्वको दायरा बृधि गरी आन्तरिक आयमा बृद्धि तथासवलिकरणमा जोड गर्ने
- राजश्व सचेतना सहित राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने
- सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने
- स्रोत परिचालनका लागि गैसस, नीजि क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरुसँग साझेदारी विकास गर्ने

**उद्देश्य ४ सँग सम्बन्धित**

- योजना व्यवस्थापन प्रक्रियालाई नातिजामुलक, प्रतिफलयुक्त र आबश्यकतामा आधारित बनाउने,
- बिकास ब्यबस्थापनलाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने
- गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गन]{

## ७.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सुशासन तथा संस्थागत विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.१सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (*स्रोत: गाउँपालिकाको पार्श्वचित्र तथा बार्षिक बजेट तथा कार्यक्रम र वेबसाइटमा उपलब्ध विवरणको आधारमा तयार गरिएको*)

| सूचक | इकाई | आ.व. २०७७÷७८ को उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७८÷७९ | ०७९÷८० | ०८०÷८१ |
| नीति, ऐन तथा सुशासन | | | | | |
| तर्जुमा गरेकोनीति, कानून, कार्यविधि, मापदण्ड | संख्या | १९ | २३ | २७ | ३० |
| सीपमूलक र क्षमता विकास कार्यक्रमबाट लाभन्वित सिमान्तिकृत बर्ग/ समुदाय | प्रतिशत | ३५ | ४० | ५० | ६२ |
| जवाफदेहिता क्षमता विकास कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | वटा | ० | २ | ३ | ५ |
| बिषयगत समितिको बैठक | संख्या | ० | ३ | ६ | ६ |
| स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | ० | ४ | ४ | ४ |
| नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो र सोको सुनुवाई | प्रतिशत | ७० | ७५ | ८० | ९० |
| संगठन तथा क्षमता विकास | | | | | |
| बार्षिकक्षमता विकास तालिम | भए/ नभएको | भएको | भएको | भएको | भएको |
| विकास व्यवस्थापन | | | | | |
| स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | ० | ० | २ | ३ |
| खण्डीकृत बिषयगत र स्रोत नक्सा सहित बस्तुगत विवरण तयारी तथा अध्यावधिक | भए/नभएको | ० | १ | २ | ३ |
| योजना तर्जुमाका सबै चरण अबलम्बन | भए÷न भएको | भएको | भएको | भएको | भएको |
| अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए÷न भएको | भएको | भएको | भएको | भएको |
| समयमा सम्पन्न आयोजनाको | प्रतिशत | ६५ | ७० | ८० | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुपात | | | | | |
| आयोजना÷कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक) | पटक | २ | ३ | ३ | ४ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग÷समुदायको प्रतिनिधित्व | प्रतिशत | ५० | ६० | ७० | ८० |

## ७.७ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

सुशासन तथा संस्थागत विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७.२ सुशासन तथा संस्थागत विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोत अनुमान

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु. हजारमा) | | | खर्चको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य स्रोत |
| २०७७÷७८ | ११४१४५ | ९७०२३ | १७१२२ | १३५५७ | ८२८५२ | १७७३६ | |
| २०७८÷७९ | १२०९९४ | १०२८४५ | १८१४९ | १५३३५ | ८७१०१ | १८५५८ | |
| २०७९÷८० | १३०६७३ | १११०७२ | १९६०१ | १६५६३ | ९४३५९ | १९७५१ | |
| जम्मा | ३६५८१२ | ३१०९४० | ५४८७२ | ४५४५५ | २६४३१२ | ५६०४५ | |

## ७.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सुशासन तथा संस्थागत विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रमतथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.६ सुशासन तथा संस्थागत विकास क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण *(आर्थिक बर्ष ०७७/७८ र ०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा रहेको क्रियाकलापलाई समुहिकृत गरी तयार पारिएको छ)*

| क्र.सं. | क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.०००) | पृष्ठ्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| != | सुzf;g tyf ljsf; gLlt | | | | | |
| 1.1 | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, परिमार्जन तथा प्रकाशन | संविधानकोअधिकार सूचीका आधारमा तर्जुमा गर्नुपर्ने र बाँकी रहेका विषयमा नीति ऐन, नियम र कार्यबिधि तर्जुमा गर्ने | सालबसाली | | संबैधानिक र कानूनी व्यवस्था पालना गर्न | अधिकारक्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा तथा परिमार्जन हुनेछ । |
| १.२ | सुशासन तथा जबाफदेहिता प्रवद्र्धन कार्यक्रम | सामाजिक जवाफदेहिता प्रवर्धन गर्ने | सालबसाली | | जनविश्वास अभिवृद्धि गर्न | सार्बजनिकजवाफदेहिताको एकीकृत औजारको चौमासिक रुपमा अभ्यास हुनेछ। |
| १.३ | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउने | सालबसाली | | राष्ट्रिय नीति र कार्यक्रम | सेवाग्राहीको संख्यामा बद्धि र गुनासोमा कमी आउनेछ । |
| १.४ | मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप, न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | कानूनी सचेतना बृद्धि गर्ने तथा सामाजिक मेलमिलाप र सद्भाव अभिबृद्धि गर्ने | सालबसाली | | कानूनी दायित्व पुरा गर्न | शान्तिपूर्ण प्रक्रियाद्वारा विवाद निरुपणमा २५ प्रतिशतले बृद्धि हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.५ | गाउँकार्यपालिका बैठक,सभा र बिभिन्न समितिको बैठक संचालन | ऐन, नियम तथा कानुन तर्जुमा र परिमार्जन, नीतिगत निर्णय तथा बजेट एबं कार्यक्रम माथि छलफल र स्वीकृत गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | बैठक र सभा व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन हुनेछ । |
| १.६ | वडा कार्यालय संचालन | प्रशासनिक कार्य, राजस्व र अनुगमन सम्बन्धी कार्य संचालन गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | वडा कार्यालयबाट सेवा सुचारु हुनेछ । |
| २= | संगठन तथा क्षमता विकास | | | | | |
| 2.1 | कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | | सालबसाली | | नीति तथा कार्यक्रमको प्राथमिकता | ;a} ljifout zfvf / j8f sfof{noकोGo"gtd ef}lts ;'ljwf pknAw x'g]5 . |
| 2.2 | स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन कार्यक्रम | | सालबसाली | | राष्ट्रिय नीतिको नियमपालना | संस्थागत स्वमूल्यांकनमासुधार हुनेछ। |
| 2.3 | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि, अध्ययन अबलोकन कार्यक्रम | | सालबसाली | | कार्यसम्पादन बृद्धि गर्न | कार्य सम्पादनमा ३३ प्रतिशतले बृद्धि हनेछ । |
| २.४ | टोल विकास संस्था गठन तथा परिचालन | | सालबसाली | | सरकार नागरिक | टोल विकास संस्थाहरु विकास परिचालन र नागरिक निगरानीमा बृद्धि हुनेछ । |
| २.५ | लक्षित वर्ग संस्थागत | | सालबसाली | | सम्बन्ध विकास गर्न | लक्षित वर्गको सहभागिता र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरचना तथा क्षमता विकास कार्यक्रम | | | | | विश्वासमा बृद्धि हुनेछ । |
| २.६ | सालबसालीप्रशासनिक खर्च | | सालबसाली | | | कार्यालय प्रभावकारी रुपमा संचालन हुनेछ। |
| ३ | राजस्व तथा श्रोत परिचालन | | | | | |
| 3.1 | आन्तरिक आयको संभाव्यता अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा तथा परिमार्जन र कार्यान्वयन) | कानून अनुसार कर तथा गैरकर राजस्व, दस्तुर स्रोतको दायरामा गुणात्मक सुधार मार्फत आन्तरिक आय बृद्धि गर्ने | @)&*÷&( | | आन्तरिक आय बृद्धि गर्न | आन्तरिक आयमा कम्तिमा २५ प्रतिशतका दरले बार्षिक बृद्धि हुनेछ । |
| 3.2 | राजस्व व्यवस्थापन सूचना प्रणाली विकास तथा संचालन रकरदाता शिक्षा तथा प्रोत्साहन कार्यक्रम | स्थानीय करको विषय क्षेत्र, दायरा, दर, छुट र भुक्तानी प्रक्रिया बारे जानकारी गराउने र असुली लाई सहज बनाउने | सालबसाली | | नीति र कार्यक्रमको प्राथमिकता | बिधुतिय भुक्तानी प्रणाली लागु भई कर असुली सहज हुनुका साथै करदाताको सहभागिता र सहयोगमा बृद्धि हुनेछ । |
| 3.3 | राजस्व राजस्व परामर्श समिति र शाखा संचालन तथा राजस्व परिचालन तथा अनुगमन | कर प्रशासन र अभिलेख लाई सेवाग्राहीमैत्री र व्यवस्थित बनाउने | सालबसाली | | नीति र कार्यक्रमको प्राथमिकता | राजस्वब्यबस्थापन लाई प्रभावकारी हुनुकासाथै नागरिकको सन्तुष्टीको स्तरमा २० प्रतिशतले बृद्धि हुनेछ । |
| ४ | योजना र विकास व्यवस्थापन | | | | | |
| ४.१ | आवधिक योजना, मध्यमकालीन योजना तथा बिभिन्न बिषयगत रणनीतिक योजना निर्माण तथा कार्यान्वयन, समिक्षा, | बार्षिक योजनालाई ठोस र उपलब्धी बनाउन आयोजना बैंक तयार गर्ने | सालबसाली | | राष्ट्रिय, प्रादेशिक तथा स्थानीय नीति | आयोजना ब्यबस्थापन प्रभावकारी भई आयोजनाको संख्यामा ४५ प्रतिशतले कमी हुने र गुणस्तरीय आयोजना छनौट तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अध्यावधिक र पूर्व संभाव्यता अध्ययन एबंडिपिआर र आयोजना वैक तयारी | | | | | कार्यान्वयन र सम्पन्न हुने आयोजनाको संख्यामा बृद्धि हुनेछ । |
| ४.२ | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली संचालन | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव लेखाजोखा र यस सम्बन्धी ज्ञानलाई व्यवस्थित बनाउने | सालबसाली | | योजनालाईप्रतिफलयुक्तबनाउन | योजना प्रणालीलाई नतिजा र श्रोतसँग आवद्ध हुनेछ । |
| ४.३ | उपभोक्ता समिति र टोल विकास संस्था गठन, क्षमता विकास तथा परिचालन कार्यक्रम | उपभोक्ता समितिबाट हुने अयोजना कार्यान्वयनलाई गुणस्तरीय, लागत प्रभावकारी र उपलब्धीमूलक बनाउने | सालबसाली | | श्रोतको दक्ष उपयोग र जनसहभागिता प्रवद्र्धन गर्न | उपभोक्ता समितिले तोकिएको मापदण्ड र समयतालिका भित्र आयोजना सम्पन्न गर्न सफल हुनेछन् । |
| ४.४ | राहत कोष,मर्मतसंभार कोष र अन्य कोष स्थापना तथा संचालन | बार्षिक योजनालाई नतिजा मा आधारित प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउने | सालबसाली | | राष्ट्रिय नीति | कोष संचालन सम्बन्धि बार्षिक योजना तर्जुमा हुनेछ । |
| ४.५ | सेवा प्रवाह सम्बनधी सफ्टवेयर प्रणाली सञ्चालन र सेवा प्रबाह, सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धि बिबिध कार्यक्रम | विद्युतीय माध्यमबाट नियमित रुपमा विना रोकाबाट सेवा र सूचना प्रवाह गर्नुका साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने | लवसाली | | नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भए बमोजिम | राजस्व, योजना, प्रशासन, व्यावसाय दर्ता र नविकरण, सम्पत्ती व्यवस्थापन सम्बन्धी सेवा प्रणाली सम्बन्धी सफ्टवयर संचालन भई सेवा अटोमेशन हुनेछ । |

## ७.९ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ ।यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसारसहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ।उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

# अनुसुचीहरु

**अनुसूची १ : प्रति इकाई लागत अनुमान**लागत (रु. हजारमा)

| प्रतिफल | एकाई | प्रति एकाई लागत | कैफियत | |
|---|---|---|---|---|
| कृषि वन तथा भुमि सुधार | | | | |
| रासायनिक मल | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत | |
| युरिया | मे.टन | | | |
| डी.ए.पी. | मे.टन | | | |
| पोटास | मे.टन | | | |
| प्राङ्गारिक मल | मे.टन | बजार मुल्यको आधारमा निर्धारण हुने | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा | |
| कम्पोष्ट (दानादर) | क्विन्टल | | | |
| भर्मी कम्पोस्ट | क्विन्टल | | | |
| बीउ | /के.जी क्विन्टल | | विभिन्न तरकारी तथा खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा | बिउको प्रकार उल्लेख गर्ने ) |
| फलफुल तथा तरकारी बिरुवा | गोटा | | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा | बिरुवाको प्रकार उल्लेख गर्ने |
| साना कृषि यन्त्रहरु | गोटा | | | यन्त्रको प्रकार उल्लेख गर्ने |
| चिलिंग भ्याट | गोता/लिटर | | | |
| बिभिन्न प्रजातिका जनावर तथा कुखुरा वितरण | गोटा | | | प्रकार उल्लेख गर्ने |
| बिभिन्नखोर तथा गोठ निर्माण | संख्या | | | प्रकार अनुसार लागत गणना गर्ने |
| बिभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन | वटा | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताव तयार गरी यकिन गर्ने | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | | कार्यक्रमको अबधि,सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताव तयार गरी यकिन गर्ने | |
| बिभिन्न चेतनामुलक कार्यक्रम | पटक | | | |

| | | | | |
|---|---|---|---|---|
| भौतिक पुर्बाधार तथा यातायत | | | | |
| पिच सडक | कि.मि | | डबल लेन | |
| ग्रावेल सडक | कि.मि | | डबल लेन | |
| नयाँ ट्र्याक खोल्ने सडक | कि.मि | | डबल लेन | |
| पुल | प्रति मि. | | डबल लेन | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | | | |
| नहर संचालन तथा र्ममत | प्र.श | | | |
| तटवन्ध निर्माण | कि.मि | | | |

*नोटः प्रत्येक आयोजना तथा कार्यक्रमको प्रकृति अनुरुप इकाई पहिचान गरी सोको आधारमा प्रति इकाई लागत अनुमान बस्तुपरक निर्धारण गरी सोहि आधारमा उपरोक्त कार्यक्रम तथा आयोजनाको जम्मा लागत निकाल्ने ।*

## अनुसूचि २ : त्रिवर्षीय श्रोत अनुमान तथा प्रक्षेपण

| क्र.स. | विवरण | आ.व. ७६/७७ को यथार्थ | आ.व. ०७७/७८ को संशोधितअनुमान | मध्यमकालीनवजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | तीनवर्षको कूल |
| १ | **खर्चअनुमान** | | | | | | |
| | चालुखर्च | ३०६२४० | ३२१८१५ | ३३००१९ | ३६०७५८ | ३७६८३४ | १०६७६११ |
| | पुँजीगत खर्च | ९९८२९ | १३७९६३ | १४१५०० | १५१७२१ | १७६६४४ | ४६९८६५ |
| | वित्तीय व्यवस्था | 0 | ० | 0 | 0 | ० | ० |
| | कुल | ४०६०६९ | ४५९७७८ | ४७१५१९ | ५१२४७९ | ५५३४७८ | १५३७४७६ |
| २ | **आयअनुमान** | | | | | | |
| २.१ | आन्तरिकआय | ३९५० | १४६१४ | १६०७५ | १८००४ | १९४४५ | ५३५२५ |
| २.२ | **राजस्वबाँडफाँटबाट प्राप्त रकम** | | | | | | |
| | क.नेपाल सरकार | ४०२०० | ६६८९४ | ६५४९१ | ७३३५० | ७९२१८ | २१८०५९ |
| | ख. प्रदेश सरकार | ४५७२ | ४७७४ | ७०७२ | ७९२१ | ८५५४ | २३५४७ |
| २.३ | रोयल्टीबाँडफाँट | ० | ० | ० | 0 | 0 | ० |
| | क. वन रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ख. खानी रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ग. विद्युत रोयल्टी | २०११५ | २०१३९ | २०००० | २२४०० | २४१९२ | ६६५९२ |
| | ङ. अन्य रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| २.४ | **नेपालसरकार वित्तीय हस्तान्तरण** | २८८७१७ | ३१०४७७ | ३२८१८१ | ३५४४३५ | ३८२७९० | १०६५४०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समानिकरणअनुदान<br>शसर्तअनुदान | ८१६००<br>१८५८१७ | ८३२००<br>२१७२७७ | ९०००० <br>२२५६०० | ९७२००<br>२४३६४८ | १०४९७६<br>२६३१४० | २९२१७६<br>७३२३८८ |
| | विषेशअनुदान | ८००० | १०००० | ८३०० | ८९६४ | ९६८१ | २६९४५ |
| | समपुरकअनुदान | १३३०० | ० | ४२८१ | ४६२३ | ४९९३ | १३८९८ |
| २.५ | **प्रदेशसरकार वित्तीय हस्तान्तरण** | ३७१८५ | ४२८८१ | ३४७०० | ३६३६९ | ३९२७९ | ११०३४८ |
| | क.समानीकरणअनुदान | ४१२५ | ५०३१ | ४१८२ | ४५१७ | ४८७८ | १३५७६ |
| | ख.सशर्तअनुदान | ९००० | १६८५० | ८५४४ | ९२२८ | ९९६६ | २७७३७ |
| | ग.समपूरकअनुदान | १२५०० | ६००० | ६००० | ६४८० | ६९९८ | १९४७८ |
| | घ.विशेष अनुदान | ११५६० | १५००० | १४९४९ | १६१४५ | १७४३७ | ४८५३० |
| २.६ | आन्तरिकऋण | 0 | 0 | 0 | 0 | 0 | ० |
| २.७ | अन्यअनुदान | 0 | ० | 0 | 0 | 0 | ० |
| २.८ | जनसहभागिता | | | | | | |
| २.९ | अन्तरस्थानीय तह साझेदारी | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३ | मौज्दातरकम | ११३०० | | ० | 0 | ० | ० |
| | कुल | ४०६०३९ | ४५९७७९ | ४७१५१९ | ५१२४७९ | ५५३४७८ | १५३७४७७ |
| | बचत (–) न्यून (+) | | | | | | |

***स्रोत: आर्थिक प्रशासन शाखा***